## विशेष इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. २०६४-WS-००३९, उत्प्रेषण समेत, *श्यामकृष्ण मास्के वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

फौजदारी प्रकृतिको कसूरको परिभाषा विधायिकी नीति (Policy) को विषय भएकोले मौजुदा परिभाषा र व्यवस्थाहरूमा नीतिगत रुपमा अदालतले कुनै आदेश वा निर्देश गर्न नमिल्ने ।

बहाल रहेको कानूनमा कुनै नयाँ कसूर समावेश गर्ने वा कुनै कसूरको परिभाषामा कुनै शब्द समावेश गर्ने वा नगर्ने भन्ने कुरा अदालतको कार्यक्षेत्रको विषय नहुँदा निवेदकले अपेक्षा गरेबमोजिमको माग पूरा गर्न उपयुक्त विधायिकी प्रक्रिया अवलम्बन गर्नु नै वान्छनीय हुन्छ । प्रत्यक्ष रुपमा कानून निर्माण गर्न स्थापित अंगमार्फत् हुने विषयमा अप्रत्यक्ष रुपमा विधायिकी कार्यमा हस्तक्षेप हुने गरी कसैको संविधानप्रदत्त खास मौलिक हकमा हस्तक्षेप भएको स्थितिमा वाहेक अदालतले आदेश गर्ने स्थिति नहुने ।

सामाजिक विकाससँगै कानून निर्माणको यही प्रक्रिया अघि बढ्दै जाने हुन्छ । यही प्रक्रियाअन्तर्गत नेपालको प्रचलित फौजदारी कानून र देवानी कानूनमा समेत आधुनिकीकरण र परिमार्जन गर्ने हिसाबले सरकारीस्तरमा प्रयास भई यससम्बन्धी अपराध संहिताको मस्यौदा व्यवस्थापिका संसदमा प्रवेश भैसकेको वर्तमान सन्दर्भमा उपर्युक्त प्रश्नहरूमा पनि विधायिकाबाटै आवश्यकताअनुसार सम्बोधन हुने नै भएकाले यस अदालतबाट मागबमोजिम आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६७-WS-००१०, उत्प्रेषण समेत, *चन्द्रकान्त ज्ञवाली समेत वि. व्यवस्थापिका संसद सचिवालय समेत*

प्रधानमन्त्रीको निर्वाचन प्रक्रियामा संविधानसभा नियमावली, २०६५ पनि लागू हुने र धारा ३८(२) र धारा ५५ मा प्रस्तावमा मतदान हुँदा मत दिन्न भनी Abstain हुने व्यवस्था नै नभएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८(२) को प्रयोजनको लागि सम्म संविधानसभा नियमावली, २०६५ को नियम ४१ र ४२ को विभिन्न उपनियमहरूमा रहेका तटस्थ रहन चाहने सदस्यहरूले "मत दिन्न" भन्ने शब्द संविधानको धारा ३८(२) र धारा ५५ समेतको विपरीत देखिएकोले नेपालको संविधान, २०६३ को धारा १०७(१) बमोजिम आजैका मितिदेखि लागू हुने गरी अमान्य र बदर घोषित गरिदिएको छ । प्रस्तुत विवाद संविधानसभासम्बन्धी नभएकोले संविधानसभाको प्रयोजनको लागि संविधानसभा नियमावली, २०६५ को नियम ४१ र ४२ का विभिन्न उपनियमहरूमा परेको उल्लिखित "मत दिन्न" भन्ने शब्द बदर गरिरहनु नपर्ने ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल पुस २ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. २०६६-WS-००३१, उत्प्रेषण समेत, *प्रवीणता वस्ती समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संविधानमा सामाजिक न्यायको हकअन्तर्गत "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय उत्पीडित वर्ग, गरीब, किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ" भनी व्यक्त भएको प्रतिवद्धतालाई सार्थक तुल्याउने गरी पिछडिएको वर्गको पहिचानका लागि उचित मापदण्ड बनाउन तत्काले एउटा अध्ययन समिति गठन गरी सो समितिको प्रतिवेदन समेतका आधारमा निजामती सेवा ऐनलगायतका अन्य ऐन नियमहरूमा पनि सामाजिक न्यायको अनुभूति हुने गरी समसामयिक व्यवस्था गर्नु भनी विपक्षीहरूका नाममा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः उमेश कोइराला
कम्प्युटरः शम्भु शाह
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**का.मु.स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री मोहनप्रकाश सिटौला, मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** दे.पु.इ.नं. ०६५-DF-०२५, लेनदेन, *महन्थी भन्ने महेन्द्रप्रसाद महतो वि. दुखनीदेवी महतो*

विशुद्ध प्रकारले साहू आसामीबीच भएको कपाली सरहको लिखत कागजबाट सिर्जित विवादमा अदालतले लिखत कागजमा उल्लेख नभएको पक्ष विपक्षको मौखिक भनाई र व्यवहारलाई आधार लिई विवादित विषयको सन्दर्भमा अन्यथा अर्थ गरी न्याय निरूपण गर्ने अवस्था नहुने ।

मिति २०५३।५।२० मा भएको कपाली तमसुक र मिति २०५३।१०।३ मा जग्गा लिनुदिनु गरी भएको पारित राजीनामाको लिखत व्यहोराको एकआपसमा अन्तर्सम्बन्ध (Nexus) रहेको भन्ने तथ्ययुक्त आधार मिसिल कागजातबाट देखिन आएको छैन । आमजनसाधारणले तमसुकअनुसारको व्यवहार यथावत् कायम राखेर छुट्टै अर्को लिखत व्यवहार गर्न नसक्ने र यस्तो प्रचलन आमसमाजमा हुन नसक्ने तथा व्यवहारमा नभएको भन्न सकिने अवस्था नहुने ।

देवानी प्रकृतिको लिखत व्यवहारको सम्बन्धमा जहाँ लिखत स्वयंमा प्रष्ट छ त्यसको विषयमा पक्ष विपक्षको आपसी मौखिक समझदारी, निजहरू बीच अन्य घरायसी व्यवहार भएको छ भन्ने कुराले र साक्षीको बकपत्रले अन्यथा हुने अवस्था नहुने ।

कानूनले तोकेको प्रक्रिया नपुऱ्याएको अवस्थामा अन्य प्रक्रियाबाट भए गरेको व्यवहारले कानूनी मान्यता पाउन नसक्ने ।

पुनरावेदक प्रतिवादी र वादीबीच भएको मिति २०५३।५।२० को कपाली तमसुक लिखत र निजहरू बीच जग्गा लिनुदिनु गरी मिति २०५३।१०।३ मा भएको राजीनामा लिखत व्यवहार अलग अलग प्रकृतिबाट भएको देखिएको, तमसुकी लिखतबाट रूपैयाँ लिनुदिनु गरेको व्यवहार तथा जग्गा राजीनामा पारित व्यवहारमा दुबै लिखतको एकआपसमा सम्बन्ध (Nexus) रहेको भन्ने कुरा कहीं कतै उल्लेख भैआएको नदेखिएको अवस्था रहेको तथा आमव्यवहार र प्रचलनमा एकै व्यक्तिसँग यस प्रकारका भिन्नभिन्न व्यवहार हुन नसक्ने भनी मान्न नमिल्ने हुँदा वादी दावीबमोजिमको सावाँ व्याज भराई पाउने ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल फागुन २६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६७-WF-०००६, उत्प्रेषण, परमादेश, *डा.परमेश्वरी श्रेष्ठ समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको २०६५।११।२६ को निर्देशनअनुसार अस्पतालले गोरखापत्रमा राष्ट्रिय दैनिकमा पुनः प्रकाशित हुने विज्ञापनमा समेत उम्मेद्वार भई आफ्नो योग्यता प्रदर्शन गरी रोजगारी प्राप्त गर्ने अवसर यी निवेदकहरूको सुरक्षित रहिरहेको अवस्थामा अख्तियारको मिति २०६५।११।२० को बैठकको निर्णयको आधारमा मिति २०६५।११।२६ मा गरिएको परिपत्र एवं सो परिपत्रअनुसार अस्पतालबाट भए गरेका कामकारवाही समेतबाट निवेदकहरूको संवैधानिक एवं कानूनी हक हनन् भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः मुकुन्द बिष्ट
इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

## इजलास नं १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको रिट नं. २४९०, उत्प्रेषण, *सुरेन्द्र चतुर्वेदी वि. जगरनाथ चौवे समेत*

विपक्षीमध्येकी लक्ष्मीदेवीले तमसुक गरेकोमा उक्त तमसुकमा निजका पति तथा छोरासमेत साक्षी बसेको देखिँदा उक्त लेनदेन एकासगोलमै रहँदा बस्दा भएको देखिएकोले एकासगोलमा रहँदा बस्दा खाएको ऋण सम्पत्तिमा सबै अंशियारको दायित्व रहने हुन्छ । पर्सा जिल्ला अदालतका तहसीलदारले यही परिप्रेक्ष्यमा आदेश गरी बिगोमा देखाएको अन्य अंशियारको सम्पत्ति

फुकुवा गर्न इन्कार गरेको आदेशलाई कानूनविपरीत मान्न नमिल्ने ।
इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल माघ २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं. ०४६९, उत्प्रेषणयुक्त परमादेश, *जयराम रेग्मी समेत वि. मालपोत कार्यालय, चाबहिल काठमाडौं समेत*

निर्विवाद हक देखाउन सकेको भए निवेदकको मागबमोजिम हुन सक्ने हो होइन प्रमाणको आधारमा कानूनबमोजिम निर्णय गर्नु भन्ने प्रश्न आउन सक्दथ्यो । तर यसमा त दावी गरेको जग्गा वनजंगल देखिई निवेदकको हकको भन्ने प्रमाण नै नभएको हुँदा हक नै नपुग्ने जग्गा वनजंगल देखिई निवेदकको कसको भन्ने प्रमाण नै नभएको हुँदा हकै नपुग्ने जग्गा तामेलीमा राख्दैमा निवेदकको हक हनन् नहुने ।
इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल माघ २५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ को WO-१३१६, उत्प्रेषण समेत, *सरस्वती सिंह वि.श्री लोकसेवा आयोग के.का. समेत*

निजामती सेवा ऐन, २०४९ को दफा २४ घ मा जुन तहमा लिएको तालिम हो सोही तहको बढुवाको लागि मात्र काम लाग्छ भन्ने कानूनी व्यवस्थालाई उदारतापूर्वक व्याख्या गर्नुपर्दछ । प्रस्तुत कानूनी व्यवस्थाको उद्देश्य शा.अ.मा कार्यरत् हुँदा लिएको सेवाकालीन तालिम उपसचिवको लागि काम लाग्दछ, फेरि सहसचिवको बढुवाको लागि शा.अ. को पदमा रहँदा लिएको तालिम काम लाग्दैन, उपसचिव तहमा पनि सेवाकालीन तालिम लिएको हुनुपर्दछ भनेको हो । प्रस्तुत विवादमा उल्लेख भएबमोजिम ४ वर्ष उपसचिवमा कार्यरत् रहेको व्यक्तिले अदालतको फैसलाले बढुवा बदर भै तल्लो पदमा झर्नु पर्‍यो भने उपसचिव पदमा गरेका अनुभव तथा तालिमको हैसियत के हुने भन्ने कुरामा ऐन नियम मौन देखिन्छ । यस अवस्थामा व्याख्याको सुनौलो व्याख्याको नियम बढी सान्दर्भिक हुने ।

४।४ वर्ष कार्यरत् भैसकेको उपसचिव पद नै बदर भै तल्लो पदमा झर्दछ भने त्यसबखत हासिल गरेको अनुभव तथा तालिमले स्वतः तल्लो पदमा बसेर गरेको अनुभव तथा तालिम सरहको मान्यता पाउनु पर्दछ । यही नै विवेक तथा न्यायसम्मत् पनि हुन्छ । यदि त्यो बेलाको तालिम तथा अनुभवलाई मान्यता नदिने हो भने त्यो व्यक्ति त कहिल्यै पनि बढुवा हुन सक्तैन । एकातर्फ बढुवाउपर नै साविक पदमा जानु पर्ने बाध्यता र अर्कोतर्फ आफूभन्दा कनिष्ठ व्यक्ति बढुवा भै सक्ने तर उसको कहिल्यै बढुवा नहुने अवस्था सिर्जना हुन पुग्दछ । यस्तो अविवेकी विषम अवस्थाको अपेक्षा विधायिकाले गरेको नदेखिने ।

प्रकाश दर्नालले मिति २०६४।८।२० देखि २०६४।९।२६ सम्म लिइएको सेवाकालीन तालिम बापत्को नम्बर प्रदान गरी निजलाई बढुवा गर्ने ठहर्‍याएको बढुवा समिति सचिवालयको मिति २०६७।१।२८ को निर्णय, बढुवा सूचना र सोलाई सदर गरेको मिति २०६७।३।२१ को लोकसेवा आयोगको निर्णय कानून प्रतिकूल नदेखिई न्यायसम्मत नै देखिएको र हाल रिट निवेदक उपसचिव पदमा बढुवा समेत भैसकेको स्थितिमा रिट निवेदन दावीबमोजिमको आदेश जारी गर्नु नपर्ने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनसार फैसला भएका छन्:

- २०६६ सालको रिट नं. ०४७१, उत्प्रेषण परमादेश, *प्रकाश दर्नाल वि. लोकसेवा आयोग समेत*
- २०६५ सालको रिट नं.WO-०७१६, उत्प्रेषण प्रतिषेध, *प्रकाश दर्नाल वि. लोकसेवा आयोग समेत*

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको रिट नं. २०६६-WO-१३५३, उत्प्रेषणयुक्त परमादेश, *केशव ट्वानावसु वि. जिल्ला विकास समितिको कार्यालय काभ्रेपलाञ्चोक समेत*

अघिल्लो सूचनाबमोजिम म्याद अन्तिम नहुँदै दोस्रो सूचना प्रकाशित भएको अवस्थामा निवेदकले स्वतः ठेक्का प्राप्त गरेको मान्न मिल्ने देखिँदैन । उनले

पेश गरेको प्रस्तावसम्म हो । उक्त प्रस्ताव स्वीकृत नभएसम्म करार कानूनको मान्य सिद्धान्तअनुसार करार भएको नमानिने र करार नभएसम्म निजको हक सिर्जना समेत नहुने हुँदा निवेदन दावी कानूनसम्मत् देखिन आएन । जिल्ला विकास समिति एउटा सार्वजनिक व्यक्तित्व भएकाले त्यसले प्राप्त गर्ने सुविधा आम्दानी कुनै एक व्यक्तिले प्राप्त नगरी People at large of that territory ले प्राप्त गर्ने हुँदा त्यसले आफ्नो आम्दानी वृद्धि गर्नेदेखि सूचना संशोधन गरेको कामकारवाही पूर्वाग्रही पनि नदेखिएको स्थितिमा निवेदन दावीसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल बैशाख २० गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको WO-१२११, उत्प्रेषण, *सौमिन्द्र भट्टाचार्य वि. विजयकुमार साह समेत*

व्यवस्थापकले बोलाएको बैठकमा आउनु निजको अनिवार्य कर्तव्य हो । ३० जुलाईको बैठकमा उपस्थितिको लागि समयमै जानकारी प्राप्त गरिसके पछि निजको स्थास्थ्यमा कुनै प्रतिकूल अवस्था सिर्जना भएको वा अन्य काबुबाहिरको परिस्थिति बाहेकको अवस्थामा निज बैठकमा उपस्थित हुनुपर्दछ । विजयकुमार बिरामी भै अस्पतालमा भर्ना भएको वा अन्य काबु बाहिरको परिस्थिति परेको देखिँदैन । उनले सुरक्षाको कारण देखाएर आउन नसकेको भनी जिकीर लिए पनि के कस्तो आधार कारणबाट सुरक्षाको खतरा आइपऱ्यो भन्ने पत्यारलायक र सन्तोषजनक कारण प्रस्तुत गर्न नसकेको अवस्थामा उनी आफ्नो जिम्मेवारीप्रति कटिवद्ध तथा अनुशासित रहे भएको देखिएन । यस परिस्थितिमा श्रम ऐन, २०४८ को दफा ५१ तथा ५२ बमोजिम व्यवस्थापकले नसिहत दिन सक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको WO-१२१२, उत्प्रेषण, *सौमिन्द्र भट्टाचार्य वि. विजयकुमार साह समेत*

सरूवा भएको स्थानमा जानको लागि रमाना गरेको नदेखिएको, वीरगञ्ज एरियामा नै उपस्थित भैरहेको र अनुपस्थित भएको भनिएको समयमा व्यवस्थापकका प्रतिनिधिसँगै श्रम कार्यालयमा वार्तामा सम्मिलित भैरहेको स्थितिमा व्यवस्थापकले श्रम ऐन, २०४८ को दफा ५१(ग२) बमोजिम खराब आचरणमा सेवाबाट बर्खास्त गर्ने गरी भएको कारवाहीलाई त्रुटिपूर्ण देखी बदर गर्ने गरी श्रम अदालतबाट भएको मिति २०६६।१२।१७ को फैसलामा कुनै कानूनी त्रुटि नदेखिँदा रिट निवेदन दावीबमोजिम आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. WO-११३५, उत्प्रेषण समेत, *विजयकुमार दुगड वि. प्रोलास सिन्धुलिया समेत*

प्रोल्लास सिन्धुलियालाई निवेदक कम्पनीले भक्तपुरस्थित कार्यालयबाट प्रधान कार्यालयमा गरेको सरूवासम्बन्धी कामकारवाही त्रुटिपूर्ण देखिँदा सोलाई बदर गरी निजलाई यथास्थानमा काम लगाउने गरी भएको श्रम कार्यालयको मिति २०५८।३।२२ को निर्णयलाई सदर गरेको श्रम अदालतको मिति २०६३।११।९ को फैसला त्रुटिपूर्ण नदेखिई कानूनसम्मत नै देखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. WO-११३६, उत्प्रेषण, *विजयकुमार दुगड वि. श्रम अदालत समेत*

कर्मचारी वा कामदारले संगठन वा प्रतिष्ठानमा एकपटक नियुक्ति पाएपछि जुनसुकै अवस्थामा र जे गरे पनि हुन्छ भन्ने ठान्नु हुँदैन भने व्यवस्थापक वा Employer ले पनि कामदार वा कर्मचारीप्रति न्यूनतम् Fairness देखाउनु पर्दछ । व्यवस्थापकले कर्मचारीमाथि जुन कुरा प्रत्यक्ष गर्नु हुँदैन त्यो कुरा अप्रत्यक्ष रूपले पनि गर्न हुँदैन भन्ने सिद्धान्त लागू हुन्छ । उचित र पर्याप्त कारण भएमा

संगठन वा प्रतिष्ठानले कानूनका रीत पुऱ्याई कामदार वा कर्मचारीलाई अवकाश दिन सक्छ तर हाजिर नगराई Pendulum बनाउनु उचित हुँदैन । आफ्नो कर्मचारीलाई बिना कारण काममा नलगाई राख्नु न्याय तथा तर्कसंगत नदेखिने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. WO-११३७, उत्प्रेषण, *विजयकुमार दुगड वि. प्रोलास सिन्धुलिया समेत*

बिना सूचना ३० दिनभन्दा बढी अनुपस्थित देखिएको भनी नोकरीबाट हटाउने गरी भएको कम्पनीको मिति २०५९।६।२१ को निर्णय त्रुटिपूर्ण देखी बदर गर्ने गरी भएको श्रम अदालतको मिति २०६३।११।९ को निर्णयमा कुनै कानूनी त्रुटि देखिन नआएको स्थितिमा रिट निवेदन दावीबमोजिम उत्प्रेषणको आदेश जारी हुन नसक्ने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको रिट नं.२०६५-WO-००४२, उत्प्रेषण, *राजनप्रसाद बराल वि. भन्सार विभाग समेत*

५० वर्षको उमेर पुगिसकेका यी निवेदकलाई माग बेगर निजामती सेवा नियमावलीको नियम ३६(३) विपरीत (ग) वर्गको तातोपानी भन्सार कार्यालयबाट "क" वर्गको यारी नाका भन्सार कार्यालयमा सरूवा गर्ने गरी भएको भन्सार विभागको मिति २०६४।५।३ को निर्णय र तत्सम्बन्धी कामकारवाही कानून विपरीतको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदक "ग" वर्गको भौगोलिक क्षेत्र तातोपानी भन्सार कार्यालयमा २ वर्ष काम गरिसकेको भन्ने भन्सार विभागको लिखित जवाफबाट देखिँदा निजको उमेर समेतलाई मध्यनजर राखी निजामती सेवा ऐन र नियमावलीमा उल्लिखित प्रावधानअनुसार सरूवा गर्दा निवेदकलाई "क" वर्गको भौगोलिक क्षेत्र बाहेकको अन्य क्षेत्रमा आवश्यकता र औचित्यका आधारमा सरूवा गर्नु भनी विपक्षी भन्सार विभाग समेतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. WO-३३५६, उत्प्रेषण, *दिवाकर राणा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विवादित कि.नं. १५३ को साविक कि.नं. ३९ को सन्दर्भमा विपक्षी विद्यालयले खिचोला गरेको नठहर्ने गरी यस अदालतबाट भएको फैसला अन्तिम भै बसेको देखिएको, विवादित जग्गा गुठी भनी निवेदकले दावी लिई आए पनि गुठीसँग कुनै सार्थक सम्बन्ध नभएको समितिले प्रस्तुत निवेदन लिई आएको देखिँदा विवादित जग्गामा हकदावी गर्ने अधिकार निवेदक समितिलाई भएको नदेखिएको, सर्जमिन समेतका आधारमा विवादित जग्गामा विपक्षी विद्यालयले भवन निर्माण गरी विद्यालय सञ्चालन गर्दै आएको भन्ने देखिएको, स्थानीय सिफारिश समिति भूमिसुधार व्यवस्थापन विभागको निर्देशन र भोग समेतको आधारमा विवादित कि.नं. १५३ को जग्गाको भोगाधिकारसम्म गुहेश्वरी बाल शिक्षा मा.वि. लाई उपलब्ध गराउने गरी मालपोत कार्यालयबाट निर्णय भएको र उक्त निर्णय कानूनसम्मत नै देखिने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०७७२, उत्प्रेषणयुक्त परमादेश, *फिरोज लामा वि. प्रधानमन्त्री तथा संरक्षक पशुपतिक्षेत्र विकास कोष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रस्तुत निवेदन सार्वजनिक सरोकारअन्तर्गत परेको नभई Private Interest Litigation अन्तर्गतको भएकोमा निजी हक वा स्वार्थका सम्बन्धमा निवेदन गर्दा सर्वोच्च

अदालत नियमावली, २०४९ को नियम ४०(३)(ग) अनुसारको कानूनी व्यवस्थाको पालना गरिनु पर्ने।

प्रस्तुत रिट निवेदनमा धारा १०७(२) बमोजिमको उपचार माग गरिएको तर निवेदकको संविधान प्रदत्त कुन हक हनन् हुन गएको हो सो कुरा उल्लेख नै नगरेको हुँदा अदालत स्वयंले निवेदकको अमुक हक हनन् भएको होला भनी संविधानको धारा वा ऐनको दफा उल्लेख गरी वहसको सिलसिलामा गरिएको Argument मात्रको आधारमा आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम्।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०८६५, उत्प्रेषणयुक्त परमादेश, *मधुकर थापा वि. भूमिसुधार कार्यालय भक्तपुर समेत*

जग्गाको बाँडफाँड सम्बन्धमा जग्गाधनी र मोहीबीच तर्फ सम्बन्धमा फरक फरक Claim रहेकोमा सो सम्बन्धमा छानबीन गरी दुबै पक्षलाई स्वीकार हुने हिसाबले नरमकरम मिलाई जग्गा बाँडफाँड गरी दिनु पर्नेमा सोअनुसार बाँडफाँड भएको नदेखिँदा शुरू भूमिसुधार कार्यालय भक्तपुरको मिति २०६३।१२।८ को निर्णय कानूनसंगत नदेखिएको हुँदा बदर हुने।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम्।

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं.२०६३-WO-०९९६, प्रतिषेध परमादेश समेत, *भोजेन्द्रबहादुर खत्री समेत वि. गृह मन्त्रालय समेत*

राष्ट्र प्रमुख र सरकार प्रमुखले प्रयोग गर्ने सवारी साधनमा स्वयंले त्यस्तो अपारदर्शी कालो सीसा हटाउन चाहेमा बाहेक र अन्य सवारी साधनमा त्यस्तो सवारी साधन निर्माण हुँदाकै अवस्थामा सुरक्षासम्बन्धी संयन्त्रको अभिन्न अंगको रूपमा निर्माता कम्पनीबाटै सवारी साधनको कुनै भागमा अपारदर्शी सीसा लगाइएको गाडी (सवारी साधन) आयात गरिएकोमा बाहेक अन्य सवारी साधनमा जोडिएको सीसाको स्वरूप परिवर्तन गरी वा अपारदर्शी सीसा वा स्टिकर प्रयोग भएको पाइएमा यस्ता अपारदर्शी सीसा वा अपारदर्शी स्टिकर हटाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ को प्रभावकारीरूपले कार्यान्वयन गर्नु र अब उप्रान्त सामान ढुवानी गर्ने कन्टेनर बाहेक मानिसहरूको यातायातको साधनको रूपमा प्रयोग हुने सवारी साधनमा राखिएको वस्तु तथा सवारी साधनभित्र बसेको मानिसहरूलाई यस्ता सवारी साधनको दायाँ बायाँ वा अगाडिबाट सहजरूपमा देख्न र हेर्न नसकिने गरी अपारदर्शी सीसा जडान गरिएका सवारी साधनहरूको आयात बन्द गर्ने प्रभावकारी व्यवस्था गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम्।

१५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.WO-०४८९, उत्प्रेषणयुक्त परमादेश, *लक्ष्मीप्रसाद राय वि. जिल्ला शिक्षा कार्यालय, सप्तरी राजविराज समेत*

निवेदकले म्याद समाप्त भएपछि आफूले पाउनुपर्ने सेवाको सुविधा बापत रू.३, ३१, २१९।- बुझिसकेको देखिँदा उक्त रकम फिर्ता दाखिल गरी करारको निरन्तरताको लागि सम्बन्धित अदालतमा फिराद दावी लिएर गएको थिए भनेर भन्न समेत नसकेका अवस्थामा स्वतः करारको सेवा अवधि निरन्तरता पाउनु पर्दछ भन्ने दावी न्याय तथा कानूनसंगत नदेखिने।

करारमा नियुक्त भएका निवेदकको करारबमोजिमको अवधि समाप्त भएपछि स्वतः सेवामा निरन्तरता पाउनु पर्दछ भन्ने निवेदन दावी न्याय तथा कानूनप्रतिकूल देखिनुका साथै करारको अवधि बढाइपाऊँ भन्ने दावी यस अदालतको विशेष अधिकारक्षेत्रभित्र नपर्ने हुँदा दावीबमोजिम आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम्।

१६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.११८२, उत्प्रेषण परमादेश, *लक्ष्मीप्रसाद पोखरेल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

२०३८ सालमा निर्णय भै जग्गामा मोही हक छूटेपछि एकाघरका छोराले समयमै थाहा पाइन भन्ने निवेदन दावी पत्यारलायक देखिँदैन। हीरा रानाको मोही हक अनुचित किसिमले हटाइएको भए वा निजले स्वेच्छाले मोही हक नछाडेको भए उनले आफ्नो हक प्रचलनको लागि कानूनबमोजिम मौकैमा आवश्यक कानूनी कदम चालेको देखिनु पर्दथ्यो। सो भए गरेको कुरा कहीं कतैबाट देखिन आउँदैन। मिति २०३८।१।२८ को भूमिसुधार कार्यालयको निर्णयमा अति बिलम्ब गरी रिट दायर भएको स्थितिमा ढिलो गरी रिट दायर गर्नुपर्नाको विश्वासजन्य कारणको अभावमा विलम्बको सिद्धान्तले समेत निजलाई मद्दत गर्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम्।

- यसै लगाउको २०६३ सालको रिट नं.०६३-WO-११५३, उत्प्रेषण, *लक्ष्मीप्रसाद पोखरेल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

१७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं.WO-०४६४, उत्प्रेषणयुक्त परमादेश समेत, *विष्णुहरि ढकाल वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

सरकारी वा निजी कुन स्रोतबाट आएको रकमबाट सामुदायिक विद्यालय सञ्चालित छ भन्ने कुरा शिक्षकहरूको छनौटको योग्यताको आधार हुन सक्तैन। कुन स्रोतबाट शिक्षकको तलव भुक्तानी भएको छ भन्ने कुरा शिक्षकको क्षमता र योग्यताको निर्णायक विषय हुन पनि सक्तैन। शिक्षक कति दक्ष छ र निज सामुदायिक विद्यालयमा निरन्तररूपमा पठन पाठनको कार्यमा संलग्न छ वा छैन भन्ने कुरा नै शिक्षकको छनौटको महत्वपूर्ण आधार हुने।

मा.वि. तहको सामुदायिक विद्यालयमा नेपाली विषयको शिक्षक पदमा मिति २०५२।१२।२२ मा अस्थायी नियुक्त भै निरन्तर सेवारत् रहेको देखिएको, शिक्षा ऐन, २०२८ को दफा ११च(ख)(२) बमोजिमको विज्ञापित पदको लागि योग्य हुनको लागि निजले सामुदायिक विद्यालयको अस्थायी शिक्षक भई काम गरेको हुनुपर्ने कुरा मात्र अनिवार्य रहेको तर यस्तो शिक्षकले कुन स्रोतबाट तलव प्राप्त गरेको छ भन्ने करा सान्दर्भिक नरहेको स्थितिमा परीक्षामा सामेल गराई प्राप्ताङ्कका आधारमा निजलाई समेत सिफारिश गर्ने गरी भएको शिक्षक सेवा आयोगको कामकारवाही कुनै त्रुटियुक्त नदेखिई कानूनसम्मत् नै देखिने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम्।

१८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. WO-४६८, उत्प्रेषण, *रामनरेश मिश्र समेत वि. दुर्गाप्रसाद काफ्ले समेत*

स्रेस्तेदारको आदेशबमोजिम निजलाई तारेखमा राखिसकेपछि कानूनका म्यादभित्र उक्त तारेखमा राख्ने आदेशलाई कानूनबमोजिम चुनौती दिन नसकेको स्थितिमा अदालतका कर्मचारीको गल्तीको कारण पक्षलाई हानि पुग्न दिनु हुँदैन। शिवराम श्रेष्ठ कानून व्यवसायी नै हैनन् भनेर भन्न सकेको पनि देखिँदैन। शिवराम श्रेष्ठको कामकारवाही निजको आचरणभित्र पर्छ पर्दैन, त्यो छुट्टै विषय हो तर अदालतको आदेशबमोजिम तारेख थामिई सोउपर साधिकार निकायमा चुनौती दिई बदर नभएसम्म सो आदेश अन्यथा नहुने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६७ साल चैत २८ गते रोज २ शुभम्।

१९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-WO-०१२५, उत्प्रेषण समेत, *डा.भद्रमान तुलाधर वि. अमीत वर्मा समेत*

विपक्षी अमीत वर्मा आफू प्रतिष्ठानको स्थायी प्रकृतिको काममा नियुक्त स्थायी कामदार कर्मचारी हुँ भनेर भन्न सकेको देखिँदैन। उनलाई नियुक्त गरेको नियुक्तिपत्रबाट उनी स्पष्ट रूपमा १ वर्षको लागि करारमा नियुक्त फोरमेन देखिन्छन्। उनलाई श्रम

ऐनको प्रावधानबमोजिम परीक्षणकालमा रहने गरी स्थायी नियुक्ति गरिएको देखिँदैन । प्रस्तुत विवाद स्थायी नियुक्तिसम्बन्धी पनि होइन । यसलाई Employment सम्बन्धी विवाद मान्न मिल्ने देखिँदैन । उनी आफैले करारको शर्त स्वीकार गरी त्यसमै निर्दिष्ट शर्त पालना गर्ने गरी सेवा स्वीकार गरिसकेपछि उनले ऐनको स्थायी कर्मचारी सरहको सेवा शर्त माग गर्न मिल्दैन जुन कुरा करार कानूनको Basic Principle को प्रतिकूल हुन्छ । यस स्थितिमा करारमा नियुक्त व्यक्तिको उजूरी सुन्न श्रम अदालतलाई क्षेत्राधिकार नै नभएको अवस्थामा पुनरावेदन सुनी गरेको निर्णय कानूनसम्मत नदेखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम् ।

२०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको दे.पु.नं. ०१२७, मोही नामसारी, *बाबुराम जैशी भट्टराई वि. गणेशबहादुर गोंग प्रजापती*

मध्यपुर थिमी नगरपालिकाको मिति २०६२।१।८ च.नं. ९३ को सिफारिशमा गणेशबहादुर गोंग प्रजापतीको एकलौटी नाउँमा मोही नामसारीका साथै नाम थर संशोधनका लागि समेत सिफारिश गरिदिएकोलाई पुनरावेदकले कुनै चुनौती दिई बदर गराउन सकेको अवस्था देखिएन । शुरू भूमिसुधार कार्यालयले समेत विपक्षी मोहीका बाबु कृतिबहादुर नै रहेको कुरा स्वीकार गरी निर्णय गरेको हुँदा कृतिबहादुरका छोरा यी विपक्षी होइनन् भनी लिएको पुनरावेदन जिकीर तर्कसंगत देखिन नआउने ।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ फागुन २७ गते रोज ६ शुभम् ।

- यसमा यसै लगाउको मिति २०६६ सालको दे.पु.नं. ०१२८, मोही लगत कट्टा, *बाबुराम जैसी भट्टराई वि. गणेशबहादुर गोंग प्रजापती समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको रि.नं. WO-०४४७, उत्प्रेषण समेत, *ब्रजमोहन शर्मा सोती वि. मालपोत कार्यालय, कावासोती नवलपरासी समेत*

सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता भएको अवस्थामा त्यस्तो जग्गा स्वतः बदर हुने र त्यस्तो दर्ता लगत मालपोत कार्यालय वा सरकारले तोकेको अधिकारीले कट्टा गर्न सक्ने नै देखिन्छ । तर सार्वजनिक जग्गा भएपनि कारणवस एक पटक व्यक्ति विशेषको नाममा सार्वजनिक जग्गा दर्ता भए पछि यस्तो जग्गाको दर्ता बदर गर्नु पर्दा सम्बद्ध दर्तावाला व्यक्तिलाई समेत बुझ्नुपर्ने हुन्छ । अर्थात् विवादित जग्गा सार्वजनिक नै देखिए पनि दर्ता बदर गर्दा दर्तावालालाई असर पर्ने हुँदा निर्णय गर्ने कामकारवाही Fair मान्नलाई दर्तावालालाई बुझ्नुपर्छ । यो प्राकृतिक न्यायको सिद्धान्त नै हो र प्राकृतिक न्यायको सिद्धान्तको बाध्यात्मक पालना गर्नुपर्दछ । प्राकृतिक न्यायको सिद्धान्तको विपरीत हुने गरी भएका निर्णयहरू कानूनको नजरमा टिक्न नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल बैशाख ५ गते रोज २ शुभम् ।

२२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको रि.नं.WO-०२०६, उत्प्रेषणयुक्त परमादेश, *अतिराम विष्ट वि.धनबहादुर के.सी. समेत*

निवेदकको स्थायी ठेगानामा नै म्याद जारी भएको देखिएको, उक्त म्याद अ.बं. ११० नं. बमोजिमको रीत पुऱ्याई कानूनको रोहमा रीत पुऱ्याई फैसला भएको देखिएको, बेरीतको म्यादको आधारमा फैसला भएको भन्ने सम्बन्धमा निवेदकले वैकल्पिक उपचारको बाटो अवलम्बन गरेको नदेखिएकोले म्याद तामेलीलगायत रूकुम जिल्ला अदालतको मिति २०६३।१।१९ को फैसलामा निवेदकलाई भएको जरीवाना बाहेक अन्य कुराका हकमा कुनै कानूनको त्रुटि देखिएन । कुनै आधार र कारण बेगर यी निवेदकलाई रू.५००।- जरीवाना गर्ने गरी भएको फैसला मिलेको नदेखिँदा सो हदसम्ममा उक्त फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । तसर्थ जरीवाना बाहेक अन्य कुराका हकमा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल माघ १४ गते रोज ६ शुभम् ।

२३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको रि.नं.०५८८, उत्प्रेषणयुक्त परमादेश, *गुलाव राय यादव वि. बहादुर राउत अहिर समेत*

लेनदेन कारोवार हुँदा एकासगोलमै रही तमसुकमा आमा समेत साक्षी बसेको देखिएको र सगोलका पिताको जेथा देखाई निवेदकले बिगो पक्रेको अवस्थामा लेनदेन मुद्दा परेपछि दायर गरिएको अंश मुद्दाको आधार र पिताको मञ्जूरी बेगर गोश्वारा धनबाट छोराले लिएको ऋणबापत्को बिगो भराउन नमिल्ने भन्ने विपक्षी जग्गाधनी पिताबहादुर राउतको प्रतिवाद जिकीरको आधारमा मात्रै सगोलका यी बाबु छोराले बिगोको दायित्वबाट फुर्सद पाउन नसक्ने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको दे.पु.नं. २०६६-CI-०४१६, अंश चलन, *मोजाहिर मियाँ वि. मानवोध मियाँ समेत*

दाजुभाइ नाताका भन्ने देखिइरहेको अवस्थामा अंशियार हुन् भन्ने कुरामा पनि विवाद रहेको देखिन आएन । यसप्रकार यी वादी र प्रतिवादीमध्येका मानबोध मियाँ दाजुभाइ नाताका भै अंशियार हुन् भन्ने कुरामा विवाद नरहेको र कानूनबमोजिम अंशबण्डा भएको स्थिति नदेखिएको अवस्थामा मुलुकी ऐन अंशबण्डाको महलको २०, २१, २२, २३ नं. बमोजिम गरी तायदाती लिई प्रमाणको मूल्याङ्कन गरी निजी आर्जनको सम्पत्ति हो होइन भन्ने कुराको यकीन गरी निजी आर्जनको सम्पत्ति देखिए बण्डा नलाग्ने र कानूनबमोजिम बण्डा नभएको पैत्रिक सम्पत्ति देखिए बण्डा लाग्ने भनी ठहर फैसला गर्नुपर्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको दे.पु.नं.२०६६-CR-०३०५, जालसाजी, *मोजाहिर मियाँ वि. मानबोध मियाँ समेत*
- २०६६ सालको दे.पु.नं. २०६६-CI-०४१७, फैसला बदर, *मोजाहिर मियाँ वि. मानबोध मियाँ समेत*

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको रिट नं.२०६७-WO-०६८३, उत्प्रेषणयुक्त परमादेश, *प्रकाशनारायण श्रेष्ठ वि. घोराही नगर विकास समिति, घोराही दाङ समेत*

अध्यक्षले बोलपत्र आह्वानको सूचना प्रकाशन गरेपछि अध्यक्षले नै बदर गर्न सक्ने मान्नुपर्नेमा सदस्य सचिवले बदर गरी पुनः सूचना प्रकाशन गरेको कार्य कानूनसम्मत् मान्न नमिल्ने ।

प्रकाशित सूचनाबमोजिम प्रस्तुत भएका बोलपत्रहरू बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला भएको हो होइन प्राप्त कागजातबाट बोलपत्र पेश गर्ने व्यक्तिहरूको मिलेमतो भएको भन्ने आधार देखिन्छ, देखिँदैन सो सम्बन्धमा वस्तुनिष्ठ रूपमा छानबीन गरी सार्वजनिक खरीद ऐन, २०६३ ले गरेको कानूनी व्यवस्थाबमोजिम गरी निर्णय गर्नु भन्ने विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः खड्ग अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०६७३, परमादेश, *मानबहादुर खड्का वि. मालपोत कार्यालय, चन्द्रगढी झापा समेत*

निवेदकको निवेदन कारवाहीयुक्त रहेकै अवस्थामा भ्रष्टाचार मुद्दा चली उक्त मिसिल समेत विशेष प्रहरी विभागमा गएको र सो मिसिल फिर्ता नआएका कारण मालपोत कार्यालय झापाले कारवाही अगाडि बढाउन नसकेको अवस्था पाइयो । यसका साथै रिट निवेदकका कानून व्यवसायीले हाल उक्त विशेष प्रहरी विभागमा चलेको मुद्दा फैसला भैसकेको भनी वहसका क्रममा व्यक्त गरेको हुँदा सो फैसलाको

प्रतिलिपि राखी यी रिट निवेदकले सम्बन्धित मालपोत कार्यालयमा जानकारी गराएको अवस्थामा कानूनबमोजिम निर्णय हुने नै हुँदा रिट निवेदकको मागबमोजिमको परमादेशको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. २०६३-CI-०६७२, निषेधाज्ञा, *मानबहादुर खड्का वि. जिल्ला वन कार्यालय, चन्द्रगढी झापा समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको CR-०६५६, कर्तव्य ज्यान, *माइला भन्ने चक्रमान जिरेल वि. नेपाल सरकार*

करिना जिरेललाई कर्तव्य गरी मारेको भन्ने किटानी जाहेरी, सो जाहेरीलाई समर्थन गरी जाहेरवाला कान्छामानले अदालतमा आई गरेको बकपत्र, वारदातलाई समर्थन हुने गरी यी पुनरावेदक प्रतिवादी चक्रमान जिरेलका नाबालक छोरा अर्जुन जिरेलले अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीको साविती बयान तथा मृतक करिना जिरेलको मृत्यु पेट छातीमा भएको प्रहारको परिणामस्वरूप अत्यधिक रक्तस्राव भएबाट हुन गएको भन्ने शव परीक्षण प्रतिवेदन समेतको आधारमा अभियोग माग दावीबमोजिम पुनरावेदक प्रतिवादी चक्रमान जिरेललाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको CR-०४६७, कर्तव्य ज्यान, *रंगे भन्ने रंगबहादुर दमाई वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष गरेको बयानमा मृतकसँग पूर्व रिसइवी झैझगडा हुने गरेको कुरा उल्लेख गरेको देखिँदा मृतकलाई मार्ने मनसाय नभएको अर्थात् वारदातमा मनसाय तत्वको अभाव रहेको थियो भन्ने पुनरावेदन जिकीर विश्वासलायक नदेखिने ।

प्रतिवादी स्वयंले वारदात भएको देख्ने प्रत्यक्ष गवाह नभएको स्थितिमा कसूरमा इन्कार रही सो कसूरबाट बच्न सक्ने अवस्थामा पनि अदालतमा समेत गल्ती स्वीकार गरी कसूरमा सावित भै बयान गरेको समेतको आधारमा सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भनी यी पुनरावेदक प्रतिवादी रंगे भन्ने रंगबहादुर दमाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसूरमा ऐ. १३(३) नम्बरबमोजिम सर्वश्वसहित जन्मकैद हुने र ऐ. अ.वं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२-CI-८०८९, लिखत बदर दर्ता, *किशोरी महतो नुनिया वि. शिवनाथ महतो नुनिया समेत*

सगोलको विवादित सम्पत्ति २०५७ सालमा बिक्री गर्दा यी वादी छोराको मञ्जूरी लिएको र पारित लिखतमा वादी साक्षी बसेको नदेखिँदा निजको मञ्जूरी रहेको भनी मान्न मिल्ने देखिन आएन । बिक्री गरेपछि पनि शिवनाथसँग सम्पूर्ण सम्पत्तिको आधाभन्दा बढी ज.वि.१-८-१० बाँकी नै रहेको भन्ने प्रतिवादीको जिकीर रहेकोमा प्रत्यर्थी शिवनाथ महतोले अर्कै व्यक्तिलाई धितोबापत् राखी लिलामीको प्रक्रियामा गैसकेको देखिएकोले त्यस्तो जग्गालाई सगोलको सम्पत्तिको रूपमा लिन सकिएन । यस्तो अवस्थामा प्रत्यर्थी शिवनाथले गरिदिएको मिति २०५७।२।१० को लिखित लेनदेन व्यवहारको १० नं. अनुसार सगोलको अंशियारा वादीको मञ्जूरी नलिएकाले निर्दिष्ट कानूनी व्यवस्थाको समेत विपरीत देखिन आउने ।

प्रत्यर्थी प्रतिवादी शिवनाथ महतोले यी पुनरावेदक वादी किशोरी महतो नुनिया समेतको हक लाग्ने विवादको कि.नं. ८२, ८३, ३१५ का जग्गा मिति २०५७।२।१० मा प्रत्यर्थी हीरालाल महतो नुनियालाई राजीनामाको लिखत पारित गरिदिएको मुलुकी ऐन,

अंशबण्डाको महलको १९, लेनदेन व्यवहारको १० नं. को साथै यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल भै त्रुटिपूर्ण देखिएकोले वादीको हक लाग्ने दुई भागको एकभाग बदर हुने ।
इजलास अधिकृत: गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६७ साल माघ १० गते रोज २ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६३-WO-०५७१, उत्प्रेषण, *दीपमणि राजभण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नागरिक उड्डयन प्राधिकरणको बाँकी रकम असूलउपर गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट आवश्यक निर्णय गरी निर्णय कार्यान्वयनको लागि प्राधिकरणमा पठाई प्राधिकरणबाट बाँकी रकम असूलउपर गर्ने सन्दर्भमा नेकोन एयर लिमिटेडको नाममा बक्यौता रकम दाखिल गर्न ल्याउनु भनी प्रकाशित भएको सूचनालाई नागरिक उड्डयन ऐनविपरीत भएको कामकारवाही भन्न मिल्ने देखिन आएन । उल्लिखित ऐनको दफा ३३ अनुसार नेपाल सरकारको सो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिने व्यवस्था भएकोमा प्राधिकरणलाई तिर्न बुझाउन बाँकी रकम असूलउपर गर्ने कारवाही भएको हुँदा सो ऐनमा व्यवस्थित प्राधिकरणलाई तिर्न बुझाउन बाँकी रकम असूलउपर गर्ने सम्बन्धमा नेपाल सरकारले कुनै निर्णय गर्न मिल्दैन भन्न मिल्ने देखिँदैन । साथै प्राधिकरणबाट २०६२।१०।१६ मा प्रकाशित सूचनामा यी निवेदकहरूलाई रकम दाखिल गर्न ल्याउनु भनी सूचना प्रकाशित भएको र नेकोन एयर लिमिटेडबाट रकम दाखिल नभएको अवस्थामा मात्र निवेदकहरूको सम्पत्तिबाट असूलउपरको लागि कारवाही हुने सूचना प्रकाशित भएको देखिँदा निवेदन समेतको सम्पत्तिबाट बाँकी रकम असूलउपर गर्ने कारवाही प्रारम्भ गरिएको भन्ने सो सूचनाबाट नदेखिई सोसम्बन्धी कारवाही हुन बाँकी नै रहेको देखिँदा पछि हुन सक्ने कारवाही रोक्न निवेदन मागबमोजिम अगाडि नै आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत: हरिशचन्द्र इङ्गनाम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल पुस ३० गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६३-WO-३६२०, *रविन्द्र श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको रिट नं. १०४०, उत्प्रेषण परमादेश समेत, *कृत्यानन्द ठाकुर वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मूल्याङ्कन गर्ने पदाधिकारीले दिएको अङ्क गणनामा त्रुटि देखिई सोलाई सच्याई दुबैतर्फ सही गरेकोलाई अन्यथा भन्न नमिल्ने तथा सुपरीवेक्षक पुनरावलोकनकर्ता एवं पुनरावलोकन समिति प्रत्येकले मूल्याङ्कन गरी अङ्क दिएको मितिको क्रम समेतलाई विचार गर्दा सुपरीवेक्षकले अङ्क सच्याएको कार्यलाई अन्यथा उद्देश्य वा मनसायले गरेको प्रमाणित भएमा बाहेक स्वाभाविक क्रममा र रीतपूर्वक नै सो गरे भएको मान्नुपर्ने ।

सुपरीवेक्षकले दिएको अङ्क बदनियतपूर्वक घटाएको वा कानूनी त्रुटि गरी मूल्याङ्कन गरेको वा अधिकारको अतिक्रमण गरी मूल्याङ्कन गरेको समेत देखिन नआएबाट तथा का.स.मू. फाराम भरी मूल्याङ्कन गर्ने सुपरीवेक्षक, पुनरावलोकनकर्ता एवं पुनरावलोकन समिति समेतले मूल्याङ्कन गरी दिएको क्रमवद्ध मिति समेतलाई विचार गर्दा सुपरीवेक्षकले अघि दिएको अङ्क पछिबाट दुराशयपूर्ण तवरबाट घटाएको भन्न मिल्ने वस्तुपरक आधार देखिँदैन । सोही कारणबाट निजामती सेवा नियमावलीले तोकेको पदाधिकारीले कार्यसम्पादन मूल्याङ्कन गरी दिएको अङ्कलाई गणना गरी सबभन्दा बढी अङ्क पाएको प्रत्यर्थीहरूलाई बढुवा गरेको बढुवा समितिको निर्णय तथा सोउपर उजूरी सुनी लोकसेवा आयोगले सदर गरेको निर्णय समेतलाई अन्यथा भन्न नमिल्ने ।
इजलास अधिकृत: हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौ.पु.नं. ०४५८, जवर्जस्ती करणी, *चक्रबहादुर मल्ल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष कसूरजन्य कुरामा सावित भई गरेको बयान, पीडित नाबालिकाको मौकाको कागज, मेडिकल जाँच प्रतिवेदनसमेतका स्वतन्त्र प्रमाणबाट समर्थित भएको र पीडित शोभाकुमारीले घटनापछि व्यक्त गरेको कथनलाई अदालतमा व्यक्त गरी साक्षी सरह बकपत्र गरिदिएको समेतबाट निज प्रतिवादीको कसूर स्थापित हुन आएकोले पुनरावेदक प्रतिवादीले नाबालिका शोभाकुमारी शाहीलाई जबर्जस्ती करणीको महलको ५ नं. बमोजिम जबर्जस्ती करणी गर्न उद्योगसम्म गरेको ठहर हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६७ सालको WH-००२८, बन्दीप्रत्यक्षीकरण, *भूपालध्वज लिम्बू समेत वि. सशस्त्र प्रहरी बल प्र.का. हलचोक समेत*

निवेदक कार्यरत् रहेका गणका कार्यालय प्रमुख समेत रहेका निज विपक्षी प्रहरी उपरीक्षक स्वयंले कुटपीट भएकोमा सक्दो उपचार गराउने प्रतिवद्धता व्यक्त गरेको अवस्थामा सोबमोजिम उपचार नभए नगराएमा निवेदकले कानूनबमोजिमको उपचारको मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा र निवेदक हाल बन्दी अवस्थामा समेत नरहेको आफू कार्यरत् डिउटीबाटै इजलाससमक्ष उपस्थित भएको भन्ने देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको WO-०५४९, उत्प्रेषणयुक्त परमादेश समेत, *नरमाया लिम्बू वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

अमुक जग्गाको दर्तावाला मरी हकवालाले प्रमाणसहित नामसारी गरिपाऊँ भनी दावी गरेको अवस्थामा सो प्रमाण पर्याप्त र विश्वसनीय छ वा छैन भन्ने कुराको आवश्यक जाँचबुझ गरी निर्णय गरी दिनु पर्ने हुन्छ । मालपोत कार्यालय मोरङ्गले प्रस्तुत हुन आएको प्रमाणहरूलाई जलासाजी भन्नको लागि कानूनबमोजिमको प्रक्रिया पूरा गर्नुपर्ने नै हुन्छ । कसैले गलत प्रमाण पेश गरेको भए प्रचलित कानूनबमोजिम त्यस्तो गलत एवं झूट्टा प्रमाण बनाउने वा पेश गर्नेलाई कारवाही अगाडि बढाउनु पर्ने ।

कसैको दावी नपरेको र प्रमाणहरूबाट दावी खण्डित नभएको अवस्थामा आफैंले कुनै दावीको सम्बन्धमा पक्षले जस्तो आरोप लगाउन मिल्दैन । कसैले गैरकानुनी झूट्टा दावी गरेमा कानूनबमोजिम आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाउन विपक्षी मालपोत कार्यालयसक्षम नै रहेको देखिन्छ । कुनै गलत प्रमाण पेश गर्ने वा कीर्ते जालसाजी गर्ने पक्षलाई दण्डित बनाउनेतर्फ आवश्यक पहल भएको देखिनु पर्ने ।

अदालतले आफ्नो निर्णयमार्फत् जालसाजी वा कीर्ते हो भनी नभनेसम्म रीतपूर्वक खडा भएको सर्जमिनका लिखत एवं स्थानीय निकायले दिएका सिफारिश पत्रलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको CR-००९७, कुटपीट, *सुन्दरकली देवी झा वि. शिवमंगल साह समेत*

सरोकारवाला पक्ष भनेको जो पीडित हो उही नै हो र निजले मुद्दा सकार गरी कारवाही अगाडि बढाउने नबढाउने भन्ने निजको नितान्त निजात्मक सरोकारसँग सम्बन्धित रहने विषयमा उनाउ तेस्रो व्यक्तिले अर्काको निजात्मक सरोकारको

कुरामा त्यस्ता व्यक्तिको कुनै कानूनी अख्तियारी बिना नै अरू-अरू बीच भएको कुटपीटको विषयमा सरोकार नै नभएको व्यक्तिले नालेस दिन पाउने कुनै हकाधिकार हुँदैन । त्यस्तो कुनै हकाधिकार नै नभएका व्यक्तिले दिएको मुद्दाको तथ्यभित्र प्रवेश गर्नुले मुद्दामा सरोकार रहेका पक्षले मुद्दा गर्न चाहने वा नचाहने निजी वैयक्तिक कुराको स्वतन्त्रताको हरण हुन जाने समेतको स्थिति देखिँदा उनाउ व्यक्तिको त्यस्तो फिराद दावीलाई नजरअन्दाज गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिमको कार्यविधि नै पूरा नगरिएको र पीडित पक्ष नै नरहेको वा निजले कुनै अख्तियार नै नदिएको अवस्थामा बहाल रहेको कानूनी व्यवस्थाको परिपालना तथा क्षेत्राधिकारको अभावमा दिएको निर्देशन र हकदैयाको पूर्ण अभावमा फिराद दावी खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६७ साल भदौ १७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको CR-०३३० र CR-०४१२ ठगी, *नारायणप्रसाद सेढाई वि. नेपाल सरकार, नेपाल सरकार वि. नारायणप्रसाद सेढाई समेत*

बरामद भएको तथ्यलाई स्वीकार गरी उक्त बरामद भएको रकम आफ्नो कमाई भएको भन्ने जिकीरलाई खम्बीर गर्न नसकेको अवस्थामा उक्त जिकीरलाई आधार मानी संस्थाको रकम हिनामिना भएको विषयमा अनदेखा गर्न समेत मिल्ने हुँदैन । भुक्तानी भएको चेक बुकमा भएको दस्तखत आफ्नै भएको एवं सो चेक आफ्नै जिम्मामा रही ग्रुप बनाई प्रत्येक ग्रुपबाट एकएक जना भै खाता सञ्चालन हुने भनी प्रतिवादीहरूको बयान समेत देखिँदा प्रतिवादीहरूले उक्त बरामदी रकम संस्थाको होइन भनी लिएको जिकीर वस्तुगत देखिन नआउने ।

कानूनबमोजिम संस्थापित स्वावलम्बन विकास केन्द्रको स्वामित्वको रकमलाई जाहेरवाला समेतलाई झुक्याई कीर्ते सहीछाप गरी बैंकबाट रकम निकाली आफूलाई फाइदा पुर्‍याउने गरी गरेको कार्य मुलुकी ऐन, ठगीको महलको १ नं. विपरीतको कसूर भएबाट सो कसूरअन्तर्गतको कारवाहीको अधिकारक्षेत्र सम्बन्धित जिल्ला अदालतलाई हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ ९ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको ०६५-CR-००६८, भ्रष्टाचार, *रोशनजंग थापा वि. नेपाल सरकार*

प्रतिवादी रोशनजंग थापाले दावी लिएको 09-01-2007 को पत्रलाई उक्त माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय बाराणसीबाट जारी नगरिएको भन्ने उल्लेख गरिएको अवस्थामा कार्यालयगत रूपमा शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने उक्त आधिकारिक निकायले आफ्नो जवाफमा विवरण उल्लेख गरी पठाइएको माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय बाराणसीको सत्यापन नं. 790 दिनाङ्क ०४-१०-२००७ को पत्रलाई आधिकारिक मान्नुपर्ने ।

सार्वजनिक पदमा बहाल रहेका यी पुनरावेदक प्रतिवादीले उक्त शैक्षिक प्रमाणपत्रलाई कुनै व्यक्तिगत फाइदाका लागि प्रयोग गर्दिन वा सोबाट अनुचित फाइदा प्राप्त गरेको छैन भनी जिकीर लिँदैमा सो जिकीरलाई आधार मानी सार्वजनिक पदमा बहाल रही बढुवा हुने प्रयोजनका लागि झूट्टा विवरणको शैक्षिक प्रमाणपत्र पेश गर्ने कार्यलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको WO-०३२६, उत्प्रेषणयुक्त परमादेश, *सुनीलरञ्जन सिंह वि. निर्वाचन आयोग कार्यालय, कान्तिपथ समेत*

फोटोसहितको नामावली संकलन गर्ने कुरा परिचय सुनिश्चित गर्ने हिसाबले जरूरी हुने आवश्यकतालाई सम्बोधन गर्न आएकोले त्यस्तो कुरालाई प्रोत्साहित गर्नुपर्ने ।

नेपाली नागरिकले मात्रै कानूनबमोजिम हुने विभिन्न निर्वाचनमा भाग लिन पाउने हुनाले पहिचानका

लागि नागरिकको प्रमाणपत्र माग गर्नु आधारभूत र स्वाभाविक कुरा हो । यसबाट मतदाताको परिचयपत्र सहज हुने भै स्वच्छ र धाँधलीरहित ढंगले मतदान गर्न गराउन पुग्ने । नागरिकताको प्रमाणपत्रका धारकहरूसँग मतदाता नामावली संकलकको प्रयोजनका लगि नागरिकताको प्रमाणपत्र माग गर्न नसक्ने कुनै कानूनी बन्देज देखिँदैन र नागरिकताको प्रमाणपत्र आफ्नो भएकोले आफ्नै जो भएको प्रमाण देखाई मतदाता नामावली संकलन गर्नमा सहयोग गर्नु र कानून र प्रजातन्त्रकै लागि सहयोगको रूपमा लिई सहयोगात्मक भाव देखाउन सक्नु पर्दछ । त्यसैले नागरिकताको प्रमाणपत्रसहित मतदाताका विवरण संकलन कार्य गरिएमा त्यसलाई असंवैधानिक र गैरकानूनी मान्न सकिने अवस्था नरहने ।

राष्ट्रिय परिचयपत्र तयार गर्ने कार्यक्रमको तयारीको रूपमा समेत विवरण संकलन गर्न अन्य प्रयोजनका अतिरिक्त निर्वाचनको लागि समेत सान्दर्भिक हुन सक्ने र यसले धेरै व्यावहारिक समस्याहरू समाधान गर्न सघाउ पुऱ्याउन सक्ने देखिन्छ । उक्त कार्यक्रमबाट कुनै व्यक्तिको संवैधानिक एवं कानूनी हक हनन् गरेको अवस्था नदेखिएको र सरकारको निर्णय कानूनविपरीत नभएसम्म कार्यान्वयन हुन दिनबाट रोक लगाउनु मुनासिब हुँदैन । वस्तुतः यस्तो कुराको नियमित र व्यवस्थित कार्यक्रमसाथ कार्यान्वयन गर्नु समेत श्रेयष्कर हुने हुँदा सर्वसाधारणको हित अनुकूल नै हुने हुनाले कुनै संवैधानिक अड्चनको विद्यमानताको अभावमा रोक लगाउनु पर्ने कारण नदेखिने ।

राष्ट्रिय परिचयपत्र जारी गर्ने र मतदाता नामावली संकलन गर्न फोटो र नागरिकताको प्रमाणपत्र नभएको हकमा मतदाता नामावलीसम्बन्धी ऐनको दफा ११ क्रियाशील नै रहेको अवस्थामा बाँकी कुरामा नागरिकता प्रमाणपत्र माग गर्ने कुरामा कुनै कानूनी त्रुटि विद्यमान नदेखिएकाले मागबमोजिम आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल कात्तिक १७ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको CR-३३१८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सत्यदेवप्रसाद साह समेत*

प्रतिवादीले लापरवाहीसाथ जथाभावीरूपमा छुरा प्रहार गरेको स्वीकार गरिरहेको तथा छुरा जस्तो घातक हतियारको जथाभावी प्रहार गर्दा त्यसको परिणामस्वरूप मानिसलाई चोटपटक लाग्नुका साथै सोही चोटका कारण मृत्युसमेत हुन सक्ने पूर्व अनुमान प्रतिवादीले गर्न सक्नुपर्ने नै हुन्छ । यस्तो अवस्थामा भवितव्य ज्यानको वारदात ठहर गर्न नमिल्ने ।

छुरा जस्तो घातक हतियार जथाभावी प्रहार गर्दा मानिस मर्न सक्ने कुराको पूर्वानुमान गर्नुपर्ने स्वाभाविक अवस्था रहन्छ । मिश्रीलाल सदालाई लक्ष्य नगरेको भने पनि मानिसहरू भेला जम्मा भै विवाद भैरहेको ठाउँमा छुरा प्रहार गर्नाले आपराधिक मनसाय नभएको मान्न मिल्दैन । बरू जथाभावी हतियार चलाउने वा प्रहार गर्ने कार्यले कसूरको गुरूत्व बढाएको हुन्छ । एकजनालाई प्रहार गर्न खोज्दा अर्कोलाई लाग्दैछ भने मनसाय नै हस्तान्तरण भएको मान्नुपर्ने हुन्छ । त्यस्तो अवस्थामा जसलाई ताकेको हो उसैलाई बाहेक अरूलाई लागेको भनी निर्दोषिताको अनुमान गर्नु न्यायिक सिद्धान्तको घोर उल्लंघन हुन जाने ।

प्रतिवादीहरू गेनालाल मण्डल, भरतप्रसाद साह तेली, भोगेन्द्रप्रसाद साह, रामसागर साह, बासुदेव ठाकुर हजाम, महेश्वर ठाकुर, नारायण पण्डित, हरेकृष्ण भिण्डबार यादव, झवर कुसियत यादव, रामनारायण मरवैता यादव समेतका १० जना प्रतिवादीहरूले ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर गरेको ठहर्छ । सो ठहर्नाले निज १० जना प्रतिवादीहरूलाई सोही १७(३) नं.बमोजिम जनही ६ महिना कैद हुने ।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल कात्तिक २९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६२ सालको रिट नं. २८४७, उत्प्रेषण समेत, *पदमसिँह धामी वि. राष्ट्रिय अनुसन्धान विभाग समेत*

थुनामा रहे भएकै कारणबाट सफाइको मौका दिनु नपर्ने तर्क गर्न पनि नमिल्ने ।

नेपाल सरकारको आधिकारिक निकायको रूपमा रहेको विपक्षी जस्तो जिम्मेवार निकायले कारवाहीका क्रममा विपक्षीहरूको पत्र एवं हाजिर

किताब र प्रमाणित प्रतिलिपिहरू विभिन्न किसिमबाट फरक-फरक र विपरीत आउने गरेको भएबाट विपक्षीको भनाईलाई पत्यार गर्न सकिने देखिन आएन। विपक्षी जस्तो निकायले आफूले दिएको जवाफ र विवरण विश्वसनीय बनाउनु एवं कर्मचारीको सेवासम्बन्धी निर्णय गर्दा जिम्मेवारीपूर्वक सम्पादन गर्नुपर्ने निजको कानूनी कर्तव्य समेत हुन आउने।

कारवाहीको क्रममा विपक्षीहरूबाट लेखिएका पत्र एवं हाजिर किताब र प्रमाणित कागजका प्रतिलिपिहरू विभिन्न किसिमबाट फरक र विपरीत आउने गरेबाट विपक्षीको भनाइको विश्वसनीयता समेत नदेखिएको र निवेदकलाई सेवाबाट बर्खास्त गर्नु पूर्व पर्याप्त सूचना एवं सफाईको मौका समेत प्रदान नगरी निजलाई सेवाबाट निष्काशन गर्ने गरी भएको विपक्षीको मिति २०५८।३।२९ को निर्णय कानूनविपरीत एवं प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत भएबाट सो निर्णय विपक्षी राष्ट्रिय अनुसन्धान विभाग वरफवाग सिंहदरवार काठमाडौंको मिति २०६२।७।४ को पत्र र सो पत्रका आधारमा भएका सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब निवेदकलाई हाजिर गराई कामकाजमा लगाई कानूनबमोजिम तलव भत्ता सुविधा दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-०१८०, उत्प्रेषण परमादेश, *भरत शाह सुडी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्पष्ट कानूनले नरोकेसम्म स्तरवृद्धि गरिएको कर्मचारीलाई पदनाम दिनबाट अस्वीकार गर्नु न्यायोचित देखिँदैन। बढुवा पाउनेले बढुवा पाएको पदको पदनाम पनि पाउनु पर्ने नै हुन्छ। बढुवा र माथिल्लो पदको पदनाम एक अर्काबाट छुट्ट्याएर हेर्न मिल्ने समेत हुँदैन। तसर्थ निवेदकलाई स्तरवृद्धि भएको पदको पदनाम नदिने गरी भएको विपक्षी निकायको निर्णय रीतपूर्वकको देखिन नआउने।

निवेदकले निजामती सेवामा सेवा प्रवेश गरेको पद सरहको स्तरमा नै स्वास्थ्य सेवा ऐनअनुसार समूहकृत भएको देखिएको र बढुवा प्रयोजनको लागि निजामती सेवा ऐनअन्तर्गत समान स्तरको पदमा गरेको सेवा अवधि समेतलाई गणना गरिनुपर्दछ भन्ने ऐनका दफा २६क मा प्रष्ट कानूनी व्यवस्था भएको देखिएको र निवेदक मिति २०४९।१।२४ देखि नै रा.प.अ. प्रथम श्रेणीको पदमा सेवा प्रवेश गरेको र मिति २०५४।२।१४ गतेबाट सोही स्तरको सहायक पाचौं तहमा नै समूहकृत भएको देखिँदा निवेदकलाई सोही ऐनको दफा ९ र २६क को व्यवस्थाबमोजिम मिति २०५९।१।२४ गतेबाट अधिकृत छैठौं तहमा तह मिलान गर्नुपर्नेमा सो नगरी मिति २०६४।२।१४ गतेदेखि लागू हुने गरी अधिकृत छैठौं तहमा स्तरोन्नति गर्ने गरेको मिति २०६४।४।२३ गतेको स्वास्थ्य सेवा विभागको निर्णय सो हदसम्म नमिलेको देखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

निवेदकले निजामती सेवामा सेवा प्रवेश गरेको अवधि समेत गणना गरी स्तरवृद्धि गरी स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७, अनुसूची ३ हेल्थ इन्सपेक्सन समूहअन्तर्गतको अधिकृत छैठौं परिवार नियोजन अधिकृत वा परिवार नियोजन सुपरभाइजर अधिकृत पदको पदनाम दिनु भनी परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको २०६५ सालको WO-०१७९, उत्प्रेषणयुक्त परमादेश, *नरेन्द्र चौहान वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-०१६७, उत्प्रेषण परमादेश, *श्यामसुन्दर चौधरी समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

पहिलेदेखि सेवामा कार्यरत् पुराना कर्मचारीहरूको सेवामा जेष्ठतासम्बन्धी अवस्थामा प्रतिकूल असर नपर्ला भन्न मिल्दैन। सोका अलावा स्वास्थ्यसम्बन्धी ऐनको तेस्रो संशोधन लागू भएपश्चात् मात्र ५ वर्ष पुगेको कर्मचारीको स्तरवृद्धि गरिनुपर्ने हो

भनी व्याख्या गर्ने हो भने सो व्यवस्थाले निवेदक जस्ता पुराना कर्मचारीहरूको हितमा प्रत्यक्ष असर नपर्ला भन्न नसकिने ।

तत्कालीन निजामती सेवामा सेवा प्रवेश गरी स्वास्थ्य सेवा ऐन, २०५३ लागू भएपछि स्वास्थ्य सेवामा तह मिलान भै समूहकृत भएका निवेदकहरूको हकमा सो ऐनको तेस्रो संशोधनले दफा ९ मा उपदफा (७क) थप गरी सोको (ङ) मा उल्लिखित चौथो तहमा ५ वर्ष सेवा गरेपश्चात् माथिल्लो तहमा स्तरवृद्धि गर्नुपर्ने कानूनी व्यवस्थाबमोजिम निवेदकहरूलाई मिति २०५९ सालदेखि लागू हुनेगरी पाँचौं तहमा स्तरवृद्धि गर्न नमिल्ने देखिन आएन । सो बमोजिम २०५९ सालदेखि नै निवेदकहरूलाई स्तरवृद्धि गर्नुपर्नेमा सो नगरी २०६३ सालदेखि लागू हुने गरी २०६४ सालमा गरेको स्तरवृद्धिसम्बन्धी विपक्षी निकायको निर्णय मनासिब देखिन नआउने ।

इजलास अधिकृत: बिमल पौडेल

इति संवत् २०६७ साल चैत ०९ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको WO-००५२, उत्प्रेषण परमादेश, *अच्यूतराज रेग्मी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको WO-००८२, उत्प्रेषण परमादेश, *प्रमोदकुमार कर्ण समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०१३९, उत्प्रेषण परमादेश, *शिवप्रसाद शाह समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०१४०, उत्प्रेषण परमादेश, *सरस्वतीकुमारी चौधरी समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०१६६, उत्प्रेषण परमोश, *कञ्चनराम श्रेष्ठ समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०२१७, उत्प्रेषण परमादेश, *राजकुमार थापा समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको WO-०२६८, उत्प्रेषण परमादेश, *दीपकबहादुर मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६५ सालको WO-०५३४, उत्प्रेषणयुक्त परमादेश, *उपेन्द्र यादव समेत वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०६११, उत्प्रेषण परमादेश, *भुपेन्द्रबहादुर शाही समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको WO-०७५५, उत्प्रेषण परमादेश, *रामशरण महतो समेत वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६५ सालको WO-१०३०, उत्प्रेषणयुक्त परमादेश, *गोपीबहादुर श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको WO-०७९१, उत्प्रेषणयुक्त परमादेश, *बिनोद गौतम वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर समेत*

कार्यसम्पादन मूल्याङ्कन नभरेको वा हराएको वर्षको अङ्क औसतमा दिनु पर्दछ भनी प्रष्ट कानूनको व्यवस्था उल्लेख गरी निवेदकले देखाउन नसकेको अवस्थामा बिना कानूनी आधार औसतमा अङ्क प्रदान गर्नु पर्दछ भन्ने निवेदन जिकीर मनासिव नहुने ।

हराएको सालको कार्यसम्पादन मूल्याङ्कनबापत औसतमा अङ्क प्रदान गरिनु उपयुक्त नै हुने देखिए पनि आफूले समयमा कार्यसम्पादन मूल्याङ्कन नभर्ने वा कार्यसम्पादन मूल्याङ्कन भरेको भए पनि सम्बन्धित मूल्याङ्कन भरेको भए पनि सम्बन्धित मूल्याङ्कनकर्ताको कार्यालयमा रीतपूर्वकको दर्ता नगराएको अवस्थामा पनि औसत अङ्क दिइनु पर्दछ भन्ने जिकीर कानूनतः नमिल्ने ।

इजलास अधिकृत: बिमल पौडेल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०६७ साल पुस २७ गते रोज ३ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको फौ.पु.नं. ०५७९, कर्तव्य ज्यान, *राजेन्द्र परियार वि. नेपाल सरकार*

वस्तुस्थिति मुचुल्काका मानिसको मौकाको कागज व्यहोरा र मृतकको मुत्युकालीन घोषणा समेत एकआपसमा अन्योन्याश्रित र एकैमिलानको भन्ने देखिन आउँछ । मृतकले मौकामा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा ११ बमोजिम मृत्युकालीन घोषणकोरूपमा प्रमाणमा लिनपर्ने कानूनी व्यवस्था रहेको छ । वारदातमा यी प्रतिवादीको संलग्नता नभएको भए निजलाई मृतकले पोल्नुपर्ने सम्मको अन्य कारण पनि मिसिलबाट देखिँदैन भने यी प्रतिवादीले वारदातपश्चात् मृतकलाई बचाउने प्रयास गरेको समेत नदेखिई पीडितलाई अस्पतालसम्म पनि प्रहरीले पुऱ्याएको देखिन आउँछ । पीडितको मौकाको वकपत्रलाई मौकामा कागज गर्ने प्र.स.नि. समेतको बकपत्रबाट पुष्ट्याई भएको अवस्था हुँदा यी पुनरावेदक प्रतिवादी निर्दोष हुन् भन्न सकिने अवस्था नदेखिँदा प्रतिवादीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल चैत ३० गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको फौ.पु.नं.०७७६, कर्तव्य ज्यान, *कविराज राई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीको अदालतसमेतमा भएको साविती बयानलाई मिसिल संलग्न शव परीक्षण प्रतिवेदन, घटनामा प्रयोग भएको बरामद बन्दुक तथा मौकामा कागज गर्ने मानिस एवं जाहेरवालाको अदालतसमक्षको वकपत्रबाट पुष्टि भएबाट मृतक शुकचन्द्र राईको मृत्यु यिनै प्रतिवादी कविराज राईको कर्तव्यबाट भएको प्रमाणित हुने ।

पुनरावेदक प्रतिवादीले मृतकलाई बन्दुकले हानेको कुरामा अदालत समेतमा सावित भई बयान गरेका छन् । मृतकसँग झैझगडा भई त्यसको रिसबाट रक्सी खाइरहेको स्थानबाट गै घरमा राखेको बन्दुक ल्याई वारदातस्थलमा प्रयोग भई ज्यान मरेको अवस्था हुँदा मृतकलाई मार्ने मनसाय थिएन भनी मान्न मिल्ने देखिँदैन । सामान्यतया बन्दुक जस्तो घातक हतियारले कसैलाई हान्नु भनेको निजलाई मार्ने मनसायले नै हानेको मान्नुपर्ने हुन आउँछ । झैझगडा भएपछि केही समयको अन्तरालमा घरमा राखेको बन्दुक ल्याई कसैलाई ताकेर हानेको अवस्थामा मार्ने मनसाय थिएन भनी प्रस्तुत ज्यानसम्बन्धी महलको ५ नं. को कानूनी व्यवस्था आकर्षित हुन नसक्ने ।

प्रतिवादीको मृतकसँग पूर्व रिसइवी रहेको भन्ने मिसिलबाट नदेखिएको, मृतक स्वयंले बन्दुक खरीद गर्ने सम्बन्धमा वादविवाद गरेको कारणबाट वारदात घटेन गएको अवस्था देखिएको र यी प्रतिवादीले मौकामा तथा अदालतमा समेत बयान गर्दा कसूर अपराधलाई स्वीकार गरी अनुसन्धानको कार्यमा सहयोग गरेको देखिएको अवस्था हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.वं. १८८ नं. बमोजिम निजलाई १२ वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल चैत ३० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५-WO-००३६, उत्प्रेषण, *सिद्दिकुमार महर्जन वि. विजयमान पती समेत*

सहकारी संस्थाले आफूले प्रवाह गरेको ऋणको साँवा ब्याजको बिगोमात्र नभई बाँकी बक्यौता र हिनामिना गरिएको संस्थाको बिगो समेत असूलउपर गर्न पाउने गरी भएको कानूनी व्यवस्थाअन्तर्गत संस्थाले असूलउपर गर्नुपर्ने व्यक्तिको चल अचल सम्पत्ति रोक्का समेत गर्न पाउने हुन्छ । सोही कानूनी व्यवस्थाअनुरूप सहकारी संस्थाले असूलउपर गर्नुपर्ने व्यक्तिको जग्गा रोक्का गर्न लेखी पठाउँदा लेखी आएबमोजिम रोक्का गर्न वा रोक्का गरी राख्नुपर्ने सम्बन्धित मालपोत कार्यालयको कर्तव्य हुन आउने ।

इजलास अधिकृतःश्रीप्रकाश उप्रेती
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५-WO-००९५, उत्प्रेषण, *हरदेवबक्स चौधरी समेत वि. सहकारी वित्तीय विकास संस्था लिमिटेड, नेपालगञ्ज बाँके समेत*

कुनै संस्थाको रकम हिनामिना भएको भन्ने आधारमा त्यस्तो हिनामिना गर्ने कार्यमा संलग्न व्यक्तिहरूको दायित्व निर्धारण गर्दा कसले, कहिले, कति रकम कसरी हिनामिना गरेको हो सो कुरा यकीन गरी त्यस्तो हिनामिना गर्ने भनिएको व्यक्तिसँग पनि आवश्यक सोधपुछ गरी रकम असूलउपर गर्न कानूनबमोजिम कारवाही अगाडि बढाउनु पर्ने हुन्छ। त्यस्तो कारवाही पनि उचित Fair हुनुपर्ने।

मनोगत आधारमा आर्थिक दायित्व निर्धारण गर्न मिल्दैन। संस्थाको सञ्चालक समितिमा रहेका व्यक्तिहरूको पदीय अवधि वा बैठकमा उपस्थितिको संख्याको आधारमा पनि सो दायित्व निर्धारण गर्न मिल्ने होइन। अपितु कुन सदस्यले के कति रकम लिए, खाएको हो वा उसको कुन निर्णय वा व्यवहारले कति रकम हिनामिना भएको हो सोही आधारमा आर्थिक दायित्व निर्धारण हुनुपर्ने।

बैंक स्टेटमेन्टबाट देखिएको हिनामिना भएको विवादित रकम कसले कुन व्यहोराले कसरी हिनामिना गरेको हो, सोको वस्तुगत आधारमा छानबीन गरी दायित्व निर्धारण गरी सोअनुसार कानूनबमोजिम असूली प्रक्रिया अपनाई संस्थाको रकम असूलउपर गर्नु भनी विपक्षी सहकारी वित्तीय विकास संस्था लिमिटेडको नाममा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल माघ २० गते रोज २ शुभम्।

- यसै प्रकृतिको २०६५-WO-००५५, उत्प्रेषण परमादेश, *इन्द्रजीत तिवारी वि. सहकारी वित्तीय संस्था लिमिटेड नेपालगञ्ज बाँके समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CI-०२७८, लिखत दर्ता बदर दर्ता, *सुरज बडही वि. समरिया बडहिनी समेत*

पहिलो पुस्ताका मूल अंशियारहरू सगोलमा रहँदाको अवस्थामा घर व्यवहार चलाउनेले अचल सम्पत्ति बिक्री गर्नुपर्दा आफ्नो समकक्षी सोही पुस्ताका अंशियारहरूको मात्र सहमति वा मञ्जूरी लिनुपर्ने हुन्छ। आफ्नो समान पुस्ताका अंशियारहरूको अतिरिक्त आफूभन्दा मुनिको दोस्रो वा तेस्रो पुस्ताका अंशियारहरूको पनि सहमति वा मञ्जूरी लिनुपर्ने भन्ने अंशबण्डाको १९ नं. को देहाय १ र २ एवं लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाको प्रयोजन र उद्देश्य नहुने।

इजलास अधिकृतःश्रीप्रकाश उप्रेती

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CI-१०३३, निखनाई पाऊँ, *उमेश डंगोल वि. पूर्णमान डंगोल*

न.नं. ७ र न.नं. ९ मा देखाइएका वादीका जग्गाहरूको बीचमा पर्खाल लगाइएको देखिए पनि उल्लिखित जग्गाहरू वादीकै भएको र न.नं. ९ र १० मा देखाइएका वादीका जग्गाहरूमा पहुँच भएको अवस्थामा सोही जग्गासँग सीमा जोडिएको निजको कि.नं. २३६ को जग्गामा सडकको पहुँच नभएको भनी मान्न नमिल्ने।

वादीको आफ्नै जग्गा भएर कि.नं. २३६ सम्म जान सक्ने अवस्था हुँदाहुँदै आफ्नो कि.नं. २३२, २३३ र २३४ को अवस्था नदेखाई कि.नं. २३६ मात्रको निकास बाटो बन्द भएको भन्ने देखाई छुट्टै बाटो चाहिएको भन्ने आधारमा सन्धिसर्पन परेको र सोही आधारमा निखनाई पाउन माग गरेको देखिन्छ, जुन उचित र न्यायसंगत देखिन नआउने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको रिट नं.०९८१, प्रतिषेधयुक्त उत्प्रेषण समेत, *नरबहादुर योङहाङ समेत वि. सुभाङ्ग गा.वि.स. कार्यालय पाँचथर समेत*

जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम अधिग्रहण गरी मुआब्जा दिने प्रक्रिया कानूनले नतोकेको पनि होइन। त्यसको छुट्टै प्रयोग र महत्व पनि छँदैछ। तर राज्य स्वयं संलग्न भई जनताको जग्गा कब्जा गरी कुनै निर्माण कार्य गर्न लागेको नदेखिई स्थानीय जनताहरूको प्रयासमा सामूहिक भलाईका लागि भइरहेको बाटोलाई विस्तार गरी विकास निर्माणका पूर्वाधार तयार गर्न लागेको स्थिति

हुँदा यस्तो अवस्थामा कानूनी प्रक्रिया अवलम्बन हुनुपर्छ भनी भन्न सकिने अवस्था पनि रहँदैन। प्रस्तुत विवादमा यी रिट निवेदक जस्तै अन्य सर्वसाधारण जनताको संलग्नतामा निर्माण कार्य गर्न लागेको भन्ने देखिन्छ। यस्ता कार्यहरूको व्यवस्थापन स्थानीय जनताहरूको तर्फबाट नै गरिनु उपयुक्त र प्रभावकारी हुन जान्छ। यसरी विकास निर्माणका पूर्वाधार तयार पार्दा यो वा त्यो कुनै अमुक व्यक्तिलाई मात्र त्यसको प्रतिफल र फाइदा प्राप्त हुने नभै सम्पूर्ण जनसमुदाय नै यस्ता कार्यबाट लाभान्वित हुन पुग्ने।

सािवकमा बाटो थियो, थिएन वा निर्माण कार्य सम्पन्न भयो भएन भन्ने विवादित विषयवस्तुको तथ्यमा प्रवेश गरी रिट क्षेत्रबाट हेर्न मिल्ने अवस्था नदेखिने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल चैत २८ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको दे.पु.नं.०९६५, माना चामल, *धीरेन्द्रकुमार लिम्बू वि. सरस्वती पुलामी लिम्बू*

आफ्नी स्वास्नीलाई लोग्नेले निजको इज्जत आमदअनुसार खान लाउन दिनु र स्वास्थ्योपचार गराउनु लोग्नेको दायित्व एवं कर्तव्यभित्रै पर्ने देखिन्छ। प्रस्तुत मुद्दाका प्रतिवादी धीरेन्द्रकुमार लिम्बू रोजगारीका सिलसिलामा विदेशमा रही केही रकम निजकी श्रीमती वादी सरस्वती पुलामी लिम्बूलाई पठाउने गरेकोमा निज श्रीमतीको फजुल खर्च गर्ने गरेकी र घरमा समेत बस्ने नगरेकी भनी प्रतिउत्तर फिराएको देखिएबाट यी पुनरावेदक प्रतिवादीले निजकी श्रीमती प्रत्यर्थी वादीलाई आफ्नो इज्जत आमदअनुसार खान लाउन दिएको रहेछ भनी मान्न मिलेन। तसर्थ आफ्नी श्रीमतीउपर प्रतिवादी पतिले निर्वाह गर्नुपर्ने कर्तव्य पूरा गरेको नदेखिँदा वादीले प्रतिवादीबाट खान लाउन र स्वास्थ्योपचारको लागि समेत मानाचामलबापत् रकम भराउन पाउने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं. ०६७४, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. कारतोष भन्ने वीरबहादुर फविन (लिम्बू)*

घाइते प्रेमकुमार नेयोङ्गको देब्रे हातको कान्छी र साहिली औँलासहित हत्केला काटिएको र बीचको माफी औँला काटिएको, टाउकोमा १ इन्च लम्बाई र १/२ इन्च गहिराइको चोट लागेको अर्का पीडित डम्बरबहादुर नेयोङ्गको बायाँ निधारमा २ इन्च लम्बाई र १/२ इन्च गहिराइको चोट लागी दुबै पीडितको चोटको नतिजा नमर्ने प्रकृतिको रहेको भन्ने मिसिल संलग्न घाउजाँच केश फाराममा उल्लेख भएको देखिँदा प्रतिवादीले छोडेको चोटको प्रकृति र पीडितहरूको शरीरको संवेदनशील अंगमा लागेको चोटको अवस्था हेर्दा प्रतिवादीले पीडितहरूलाई केवल तर्साउनका लागि मात्र खुकुरी नचाई ढुङ्गा समेत फालेको भन्न सकिने अवस्था नदेखिने।

पीडितहरूको शरीरमा लागेको चोट पनि नमर्ने अवस्थाको भनी घाउजाँच फाराममा उल्लेख भएको समेत देखिँदा प्रतिवादीले ज्यान मार्ने उद्योगको कसूर गरेको नभई कुटपीटको कसूर गरेको देखियो। अतः प्रस्तुत वारदात सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र पर्ने नभै कुटपीट महलको दफा २७ बमोजिम कुटपीटमा परिणत हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको फौ.पु.नं. ०७१५, बहुविवाह, *नेपाल सरकार वि. अमृतबहादुर कार्की*

पहिलो श्रीमती जाहेरवाली र प्रतिवादीबीच लोग्नेस्वास्नीको सम्बन्ध कायम नरहेको अवस्था समेतलाई विचार गर्दा प्रतिवादीहरूलाई सजाय गरिंदा कानूनसम्मत र न्यायपूर्ण समेत नरहनुको अतिरिक्त यी प्रतिवादीहरूको पारिवारिक र दाम्पत्य जीवनमा गम्भीर एवं नकारात्मक प्रभाव पर्न जाने हुँदा प्रतिवादीहरू उपरको अभियोग दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं.०४७२, अदालतको अपहेलना, *मेदनीप्रसाद उप्रेती वि. रामचन्द्र संग्रौला समेत*

कि.नं. ६७ को जग्गाको विषयमा निवेदकले मिति २०५१।२।२१ मा प्रस्तुत मुद्दाका विपक्षीमध्येका रामचन्द्र संग्रौला र टंकमणि संग्रौलालाई सम्म प्रतिवादी कायम गरी अन्य विपक्षीहरूलाई प्रतिवादी नबनाई मिति २०५१।७।२१ मा जग्गा खिचोला मुद्दा दर्ता गराएका र सो जग्गा खिचोला मुद्दामा दावी नपुग्ने ठहऱ्याएको शुरू फैसला उल्टी गरी वादीको जग्गामा प्रतिवादीहरूले खिचोला गरेको भनी पुनरावेदन अदालतबाट मिति २०६५।४।२९ मै फैसला भएको रहेछ। विपक्षीहरूले अदालतको मानमर्यादा र जनआस्था घटाउने कुरामा सचेत रही त्यस्तो कुनै कार्य नगरेको र पछि पनि नगरिने भनी लिखित जवाफ फिराएको पाइन्छ। यसरी अदालतको फैसला वा आदेशको पूर्ण पालना गर्ने मनसाय विपक्षीहरूको रहेको समेत देखिँदा विपक्षीहरूबाट अदालतको अपहेलना भएको नदेखिने।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम्।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको फौ.पु.नं.०३५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मेखबहादुर थापा*

प्रस्तुत वारदातमा प्रतिवादीहरू धेरै रहेका र के कुन प्रतिवादीले छोडेको चोटबाट मृतकको मृत्यु भएको हो भन्ने खुल्न आएको देखिन नआएको अवस्थामा यी प्रतिवादीहरू भीमबहादुर राना, देउबहादुर राना, यामबहादुर र मेखबहादुर थापा समेतले ज्यान मार्ने कर्तव्य गरेकोले निजहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

मृतकलाई मार्नैं पर्नेसम्मको यी प्रतिवादीहरूको मृतकसँग पूर्व रिसइवी रहेको भन्ने मिसिलबाट देखिँदैन। निजहरूले मृतकलाई मार्नका लागि कुनै लामो योजना बनाएको वा षड्यन्त्र गरेको भन्ने पनि देखिएको छैन। सामान्य विवादमा रोशन रानालाई ठीक पार्ने भनी निजलाई कुटपीट गर्न तयारी गरेको भन्ने पनि देखिँदैन। प्रतिवादीहरू सांघातिक हतियार लिई मृतकको घरमा गएको भन्ने पनि देखिदैन। घटनाक्रमबारे यथार्थ खुलाई प्रतिवादीहरूले अनुसन्धानको कार्यमा सहयोग नै गरेको देखिन्छ। प्रतिवादीमध्येका भीमबहनदुर राना, देउबहादुर राना, मेघबहादुर थापा र यामबहादुर रानाले ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने कसूर गरेको ठहरे तापनि वारदातको प्रकृति र अवस्था तथा प्रतिवादीहरूको उमेर समेतलाई विचार गर्दा निजहरूलाई ऐनबमोजिमको जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले यी प्रतिवादीहरू भीमबहादुर राना, देउबहादुर राना, मेखबहादुर थापा र यामबहादुर रानालाई मुलुकी ऐन, अ.बं. को १८८ नं. बमोजिम जनही १० वर्ष कैद हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको CR-०५६८, जवर्जस्ती करणी, *नेपाल सरकार वि. नारायण पौडेल खत्री समेत*

प्रचलित कानूनी व्यवस्थाले निर्देश गरेको कार्यविधिगत प्रक्रिया अवलम्बन नगरी गराइएको एवं अघि स्पष्ट भइसकेको तथ्यभन्दा विपरीत हुने गरी गराएको ततिम्बा बकपत्रले कानूनी मान्यता पाउने आधार देखिदैन। पीडितले अघि गरेको बकपत्रको प्रतिकूल हुने गरी पछि गरेको ततिम्बा बकपत्रको कानूनी मान्यता स्वतः शून्य हुने स्थितिमा गराएको त्यस्तो ततिम्बा बयानको कुनै कानूनी मान्यता रहने अवस्था देखिन आएन। अदालतले अघि स्पष्ट नभएको अबस्थामा नबुझी नहुने भएमा, अघि स्पष्ट नभएका कुरामा मात्र बुझ्न ततिम्बा बयान गराउन सक्ने प्रमाण ऐनको स्पष्ट व्यवस्थालाई आत्मगत रुपमा लिई जहिले सुकै र स्थापित भइसकेको सम्पूर्ण तथ्यको विपरीत हुने गरी साक्षी बुझ्ने कार्य कानूनसंगत हो भन्न मिल्दैन। अनुसन्धानको क्रममा संकलित प्रमाणबाट समेत वारदात पुष्टि भइरहेको स्थितिमा जाहेरवाली अदालतमा

आफै उपस्थित भई पहिला आफैले लिपिवद्ध गराएको भनाईको प्रतिकूल हुने गरी पुष्टि भइसकेको वारदातका विरुद्धमा बकपत्र गर्नेलाई अदालतले किञ्चित प्रोत्साहित गराउन नहुने ।

प्रतिवादीउपर मौकामा दिएको किटानी जाहेरी दरखास्तको व्यहोरालाई अदालतमा आई स्पष्ट रुपमा समर्थन हुने गरी जाहेरवालीले किटानी बकपत्र गरिसकेको स्थितिमा त्यस्तो किटानी बकपत्रको विपरीत र कानूनले निर्दिष्ठ गरेको कार्यविधि समेत पूरा नगरी गराएको ततिम्बा बकपत्रले कानूनी मान्यता प्राप्त गर्न नसक्ने देखिंदा त्यस्तो बकपत्र प्रमाण ग्राह्य हुन नसक्ने ।

प्रतिवादीको इन्कारी बयान अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित नभएसम्म इन्कारी बयानलाई सफाइको आधार बनाउन नमिल्ने प्रमाण कानूनको विशिष्ट मान्यता एवं सिद्धान्त भएकोले उक्त इन्कारी बयानका आधारमा कसूरबाट उन्मुक्ति नपाउने ।

घटना हुँदा प्रतिवादी र पीडितको साथै रहेकी भनिएकी घटनाकी प्रत्यक्षदर्शी कृष्णकुमारी घिमिरेले मौकामा कागज गर्दा क्यासेट लिन प्रकाश बस्नेतको घर जाँदा प्रकाश बस्नेत भित्र पसेपछि नारायण पौडेलले पीडितलाई जवर्जस्ती तानी खेतमा लगी जवर्जस्ती करणी गर्न लागेको अवस्था आफूलाई सो स्थानमा जान नदिएकोले समयकुमारीको बुवालाई खबर गरेकी हुँ भनी जवर्जस्ती बलप्रयोग गरी पीडितलाई खेतमा लगी जवर्जस्ती करणी गरेको भन्ने जाहेरवालीको किटानी जाहेरी प्रमाणित हुने गरी अनुसन्धान अधिकृतसमक्ष कागज गरिदिएको देखिन्छ । निज कृष्णकुमारीले अदालतमा पनि सोही तथ्य उल्लेख गरी बकपत्र गरेकी छिन् । यस तथ्यलाई अर्का प्रतिवादी प्रकाश बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानले समेत समर्थन गरेको पाइन्छ । घटनाको प्रत्यक्षदर्शी भनिएकी कृष्णकुमारीको उक्त कागज र बकपत्रलाई अकाट्य प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने ।

विवाह गर्ने विश्वासमा पारी करणी लिनु दिनु गरेको भन्ने पनि देखिदैन र विवाह गर्ने नै भए पनि तत्काल विवाह गर्न सकिन्थ्यो सो समेत नगरी प्रतिवादी एक वर्षसम्म फरार रहेको देखिएको छ । यस्तो अवस्थामा पछि वैवाहिक सम्बन्ध स्थापित भएकै कारणले मात्र आपराधिक दायित्वबाट प्रतिवादीले उन्मुक्ति पाउने भनी निष्कर्षमा पुग्नु प्रचलित न्यायिक मूल्य मान्यता र कानून प्रतिकूल हुन जाने ।

प्रतिवादीले पीडितलाई जवर्जस्ती करणी गरेको करीब एक वर्षपश्चात् निजहरूबीच वैवाहिक सम्बन्ध स्थापित भै पति पत्नीको सम्बन्ध कायम भएको भनी पीडित तथा प्रतिवादी दुवै पक्षले साधिकार निकायबाट प्राप्त विवाह दर्ता प्रमाण पत्र नै पेश गरेको अवस्थामा सो विवाहले कानूनी वैधता प्राप्त गर्ने नै हुँदा हाम्रो मुलुकी ऐन, अंशबण्डाको महलको कानूनी व्यवस्थाअनुरूप पीडित भनिएकी समयकुमारी प्रतिवादी नारायण पौडेलको अंशबाट हक हिस्सा खान पाउने हकदार बनिसकेको देखिंदा अंश वा क्षतिपूर्ति दिलाउनु पर्ने कुनै अर्थ र प्रयोजन रहेन । अंश वा क्षतिपूर्तिको कुरा फौजदारी अपराध वा दायित्व जस्तो समान स्थितिमा रहन सक्दैन ।

पीडित समयकुमारीले प्रतिवादी नारायण पौडेलसँग जुनसुकै बखत अंशमा दावी गर्ने सहज कानूनी मार्ग अवलम्बन गर्न पाउने हक सुरक्षित रहने नै हुँदा जवर्जस्ती करणी मुद्दाको रोहबाट पीडितलाई अंश दिलाई रहनु परेन । पीडितले प्रतिवादीबाट दोहोरो क्षतिपूर्ति वा अंशमा दावी गर्न सक्ने अवस्था पनि नहुने र यस मुद्दाको रोहबाट पीडितले प्रतिवादीबाट अंश नपाएका कारण अंश पाउने हकबाट वञ्चित हुनुपर्ने स्थिति समेत सिर्जना नहुने भएकोले अंश समेत दिलाई पाऊँ भन्ने अभियोग दावी पुग्न नसक्ने ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको CI-०२७१, अंश छुट्टयाई चलन समेत, *सनमाला तामाङ्ग समेत वि. सुकुलक्ष्मी तामाङ्ग समेत*

वादीहरू विवाहित छोरीहरू भए पनि बकसपत्र प्राप्त गर्दाकै अवस्थामा दाता पिताकै घरमा रही बृद्ध पिताको सेवा पालन तालन गरेको र पिताको मृत्युपश्चात् पनि निरन्तररूपमा दान बकस पाएको सोही घरमा बसी भोगचलन गरी आएको परिप्रेक्ष्यमा भोगै गर्न नपाएको अवस्थामा २ वर्षभित्र भोग र चलनका लागि नालिस दिनुपर्ने भन्ने दानबकसको ५ नं. को व्यवस्थित हदम्यादलाई प्रस्तुत तथ्यमा आकर्षित हुन्छ भन्न मिल्ने देखिन आउँदैन । बकसपत्रका घर र जग्गाको क्षेत्रफलतर्फ यकीन गर्ने प्रयोजनका लागि वादीहरूले फिराद गर्नु

स्वाभाविकै भएको र यस्तो स्थितिमा बकसपत्रको लिखतको वैधतामाथि प्रश्न उठाउन पाइने दान बकसको ५ नं. को हदम्याद आकर्षित हुन्छ भन्न कानून र न्यायको रोहमा उपयुक्त नहुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६८ साल बैशाख ७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८६५३, निर्णय बदर, *दीपककुमार पाण्डे समेत वि. शान्ति खत्री समेत*

गुठी संस्थान केन्द्रीय कार्यालयले कि.नं. ४२५ को जग्गा गुठी तैनाथी जग्गामा दर्ता गर्न सम्बद्ध प्रमाण पेश गरी साधिकार निकाय मालपोत कार्यालयमा कारवाही चलाउने भनी मिति २०५२।९।१० मा गरेको निर्णयलाई गुठी तैनाथीमा नै दर्ता गर्ने निर्णय भएको रहेछ भनी मान्न मिल्ने देखिएन र यस्तो निर्णयउपर पुनरावेदन गर्ने कानूनी अधिकार सामान्यतः नरहेको र दावीको कि.नं. ४२५ का सम्बन्धमा प्रत्यर्थी वादीमध्येकी शान्ति खत्रीको रैकरसम्बन्धी निवेदन मालपोत कार्यालय, कलंकीमा विचाराधीन रहेको परिप्रेक्ष्यमा गुठी संस्थानको गुठीमा दर्ता गर्ने सम्बन्धी जिकीर समेत जग्गाको स्वामित्व कसको हुने भनी सो सम्बन्धमा निर्णय गर्ने साधिकार निकाय मालपोत कार्यालयको निर्णय गर्ने कानूनी अधिकारमा पुनरावेदन अदालतको गुठी संस्थाको मिति २०५२।९।१० को निर्णय बदर गर्ने फैसलाले व्यवधान खडा गरेको देखिँदा उक्त निर्णय बदर गर्ने ठहर गरेको हदसम्म पुनरावेदन अदालतको फैसला मिलेको देखिन नआउने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ९०६७, फैसला दर्ता बदर समेत, *दिनानाथ मिश्र वि. रामुप्रसाद अधिकारी समेत*

यसै अदालतका आदेशबमोजिम शुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६७।८।१९ मा भै आएको मिसिल संलग्न नक्सा मुचुल्का हेर्दा साविक कि.नं. १२ बाट हाल कायम विभिन्न कित्ताहरूमा विभिन्न व्यक्तिहरूले भोग गरी बसेका तर पुनरावेदक प्रतिवादी दिनानाथ मिश्रले आफ्ना काका राम आधारबाट मिति २०२७।१।६ मा पाएको बकसपत्रअनुसारको मेरो जग्गा यो हो भनी तथ्ययुक्तरूपमा देखाउन नसकेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार आफ्नो जिकीर प्रतिवादीबाट पुष्टि र समर्थित हुन सकेको नपाइदा सरकारको जग्गा व्यवस्थापन गर्ने आधिकारिक निकायले कानूनद्वारा प्राप्त अधिकारअनुरूप जफत हुने ठहर गरेको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ९०६८, *जग्गा लुकाई छिपाई खाएको, दिनानाथ मिश्र वि. रामुप्रसाद अधिकारी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ९

१

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको फौ.पु.नं. ०३०६, २०६७ सालको साधक नं. ००४५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मित्रलाल भण्डारी समेत, नेपाल सरकार वि. गोविन्दबहादुर भण्डारी*

घटना घटिसकेपश्चात् पनि यी प्रतिवादीले घटनालाई दबाउने वा लोप गर्ने जस्ता कार्यमा नलागी अनुसन्धान कार्यमा सहयोग पुऱ्याएकै देखिन्छ । त्यसो हुनाले यी प्रतिवादी गोविन्द भण्डारीले ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर गरेको ठहरे तापनि घटनाको अवस्था र प्रकृति तथा निजको पारिवारिक अवस्था समेतलाई विचार गर्दा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले निज प्रतिवादी गोविन्द भण्डारीलाई अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद सजाय हुने ।

प्रतिवादीहरू दयानिधि भण्डारी, अम्बिका भण्डारी, कमला भण्डारी र मित्रलाल भण्डारीले आरोपित कसूरबाट सफाइ पाउने, प्रतिवादी दुवराज पौडेललाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद हुने, प्रतिवादी शोभाकर

भण्डारीलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ।
इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

**इजलास नं. १०**

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती**, २०६६-WO-०२७०, उत्प्रेषणयुक्त परमादेश समेत, *मेनका हमाल वि. सामान्य प्रशासन मन्त्रालय समेत*

कानूनको व्याख्या गर्दा समस्यालाई निराकरण गर्ने र उपचारको मार्गलाई प्रशस्त गर्ने (Supress the Mischief and Advance the Remedy) उद्देश्यले कानूनको व्याख्या गर्नुपर्ने हुन्छ । कानूनले जुन दुष्कृति वा समस्यालाई निराकरण गर्न चाहेको हो त्यसको वास्तविक उपचार पत्ता लगाई विधायिकाको मनसाय पत्ता लगाउनु न्यायाधीशको कर्तव्य हुने ।

निजामती सेवा ऐनको दफा १८(७) ले अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि लोकसेवा आयोगबाट सिफारिश भएका राजपत्र अनङ्कित कर्मचारीहरू जुन अञ्चलमा सिफारिश भई नियुक्त भएका हुन् सोही क्षेत्रमा कम्तीमा १० वर्ष सेवा गर्नुपर्ने भन्ने देखिन्छ । दुर्गम क्षेत्रमा बाहिरबाट गएका कर्मचारी नबस्ने भई सेवाग्राहीले एकातर्फ सेवा नपाउने अर्कोतर्फ स्थानीय व्यक्तिहरूले सेवाको अवसर नपाउने समस्यालाई निराकरण गर्न ल्याइएको उक्त कानूनी व्यवस्था उपदफा (११) अनुसार सम्बन्धित कर्मचारीले निवेदन दिएको अवस्थामा लागू नहुने भनी व्याख्या गर्ने हो भने उक्त उपदफा (७) अनुसारको कानूनी प्रावधान थप गर्नुको विधायिकाको मनसाय नै पराजीत भई विकम्मा हुन पुग्ने ।

कानूनविपरीत गरेको निर्णयले निरन्तरता पाउने अवस्था रहन्छ, जुन कानूनको मनसाय होइन । अर्कोतर्फ सामान्य प्रशासन मन्त्रालयको मिति २०६५।१२।१६ को सरूवाको निर्णय नै कानूनविपरीत भएकोले कानूनविपरीतको निर्णयबाट अधिकारको सिर्जना नहुने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको फौ.पु.नं. ०१५५, भ्रष्टाचार, *हरिबहादुर घर्तिमगर वि. नेपाल सरकार*

कुनै ऐनको अर्थ गर्दा एउटा दफा, एक वाक्यांश वा दुई बाक्यांशको मात्रै अर्थ नगरी समुच्चा दफाको अर्थ गर्नुपर्छ यहाँसम्मकी एउटै ऐनका विभिन्न दफाहरूबीच रहने अन्तरसम्बन्धलाई समेत विचार गरी सम्पूर्ण दफाहरूको एउटा दफाको अर्थ र व्याख्या गर्नुपर्ने हुन्छ । ऐनको अर्थ र सो ऐन बनाउँदाको विधायिकाको मनसाय बुझ्न समुच्चा ऐन र त्यसको प्रत्येक भागको परस्परको सम्बन्ध बुझ्नु पर्छ । कुनै ऐनको एउटा दफाको एउटा वाक्य वा वाक्यांशलाई अलग्याएर अर्थ गर्दा सो ऐनको र विधायिकाको उद्देश्य र प्रयोजन स्पष्ट हँदैन । समग्रतामा ऐनको उद्देश्यअनुरूप हुने गरी ऐनका प्रावधान र प्रयुक्त शब्द एवं वाक्यांशको व्याख्या गर्नुपर्ने ।

प्रतिवादी हरिबहादुर घर्तिमगरले आफूले अध्ययन गर्दै नगरेको झूट्ठा शैक्षिक प्रमाणपत्रहरू पेश गरी ललितपुर उपमहानगरपालिकाको सार्वजनिक दायित्वको खरिदार पदमा सेवा प्रवेश गरेको देखिन्छ । यसबाट निजले पेश गरेको झूट्ठा शैक्षिक प्रमाणपत्रबाट तत्कालै पनि भौतिकरूपले फाइदा उठाई सकेको समेत देखिन्छ । जहाँसम्म त्यसबाट त्यस्तो कुनै खास फाइदा नउठाए पनि झूट्ठा प्रमाणपत्र पेश गर्नु स्वयंममा नै भ्रष्टाचारजन्य आपराधिक कार्य हो । मेरा शैक्षिक प्रमाणपत्रहरू सक्कली हुन् भन्ने प्रतिवादीको पुनरावेदन जिकीर उपरोक्त तथ्यको आधारमा विश्वासलायक नदेखिने ।
इजलास अधिकृतः विद्याराज पौडेल
इति संवत् २०६८ साल जेठ १० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं.०५१८, वन पैदावार हानि नोक्सानी, *नेपाल सरकार वि. दीपक पाण्डे*

गल्तीको विरोध नगर्नेले त्यसको असर सहनु पर्छ भन्ने न्याय र कानूनका आधारभूत मान्यता समेत रहेकोले आफूउपर भएको सजायको सम्बन्धमा यी प्रतिवादीले चित्त बुझाई पुनरावेदन नै नगरी बसेको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । वन पैदावार लिन पूर्जी पाएकोमा पूर्जी शर्त उल्लंघन गरी वन पैदावार

नोक्सानी गरेमा वन ऐन, २०४९ अनुसार सजाय हुने कानूनी व्यवस्था समेत रहे भएको परिप्रेक्ष्यमा सम्पूर्ण बोक्रा सङ्कलन इजाजतबमोजिम संकलन गरेको हुँ भन्ने प्रतिवादीको भनाई विश्वासलायक नदेखिने ।

इजलास अधिकृतः विद्याराज पौडेल

इति संवत् २०६८ साल जेठ १० गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको रिट नं. ०२४४, उत्प्रेषण, *थानप्रसाद अधिकारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकलाई नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६५।९।२९ को निर्णयअनुसार विपक्षी मन्त्रालयको मिति २०६५।९।२९ को पत्रबाट खाँदबारी अस्पताल विकास समितिको अध्यक्ष पदमा मनोनयन भै कार्यरत् रहिरहेको अवस्थामा विपक्षी मन्त्रालयको मिति २०६६।४।३२ को निर्णयानुसार निवेदकलाई हटाई विपक्षी महेश थपलियालाई मनोनयन गरिएकोमा सो कार्य बदर गरिपाऊँ भनी निवेदकको प्रस्तुत रिट निवेदन यस अदालतमा मिति २०६६।५।२९ मा परेकोमा यस अदालतबाट मिति २०६६।६।२५ मा अन्तरिम आदेश भई निवेदकलाई साविक पदमै कामकाज गर्न दिनु दिलाउनु भनी आदेश भएको हुँदा निवेदक कार्यरत् रहँदारहँदै निजको पदावधि पूरा भै सकेकोले रिट निवेदनको औचित्य बाँकी रहेको नदेखिनाले निवेदन दावीअनुसारको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको रिट नं. ०६८२, (नि.नं. ०४३३) उत्प्रेषण, *वर्षे बबर गुरूङ्ग वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकको पद हाल जनस्वास्थ्य निरीक्षक नभई जनस्वास्थ्य अधिकृत भएकोमा विवाद गर्ने ठाउँ देखिँदैन । निवेदकले बदरको दावी लिएको मिति २०६६।९।२३ गतेको सरूवा निर्णय र सो अनुसार मिति २०६६।९।२४ को सरूवा पत्र हेर्दा निजलाई जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंको जनस्वास्थ्य अधिकृत सातौं तहबाट जनस्वास्थ्य निरीक्षक छैठौं तहको पदमा गजुरी प्राथमिक स्वास्थ्य केन्द्र धादिङ्गमा सरूवा गरिएको भन्ने देखिन्छ । उक्त सरूवापत्रमा निवेदकको हकमा यस अदालतको मिति २०६५।३।१२ को आदेश र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६४।४।११ को पत्रबमोजिम प्रदान गरेको जनस्वास्थ्य अधिकृत भन्ने पदनाम भएको देखिन नआउने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको CR-००४८, २०६७ सालको साधक नं. CR-००३३, कर्तव्य ज्यान, *धनबहादुर सुनार वि. नेपाल सरकार, नेपाल सरकार वि. बलु सुनार समेत*

प्रतिवादी धनबहादुर सुनारको अगुवाइमा अन्य प्रतिवादीहरू बलु सुनार र सेतु सुनार समेत भई धनबहादुर सुनारको श्रीमतीलाई बोक्सी लगाइएको निहुँमा राति मृतक सुतिरहेको ठाउँमा गई धनबहादुरले घाँटी थिची अन्य प्रतिवादीहरूले खुट्टा र हात समाई वृद्ध महिलालाई निदाएको अवस्थामा चल्न उम्कन नदिई मारेको भन्ने कसूरलाई एक अर्कालाई पोल गरी घटनाक्रमलाई तथ्ययुक्तरूपमा वर्णन गरी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागजलाई जाहेरी दरखास्त, घटनास्थल मुचुल्का लाश पोष्टमार्टम रिपोर्ट साक्षीहरूको वकपत्र समेतबाट पुष्टि भइरहेको साथै प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको बयानलाई समेत प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) बमोजिम प्रमाणमा लिन कुनै बाधा नभएको अवस्थामा यी पुनरावेदक प्रतिवादी धनबहादुर सुनारलाई ज्यानसम्बन्धीको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैद गर्ने तथा अर्का प्रतिवादी बलु सुनार र सेतु सुनारलाई ज्यानसम्बन्धी १३(४) अनुसार जन्मकैदको सजाय गरी सेतु सुनार १५ वर्षको नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम दश वर्ष कैद हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको CR-०८३२, कर्तव्य ज्यान, *दलबहादुर रावत समेत वि. नेपाल सरकार*

हर्कबहादुर बोगटीको मृत्यु कर्तव्यबाट भएको तथ्य स्थापित भैरहेको, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार प्रमाणमा लिन मिल्ने देखिएको मृतकलाई कुटपीट गरेको वारदातको तथ्यलाई निजहरूले नै स्वीकार गरी रहेको प्रत्यक्षदर्शी साक्षी कर्णबहादुर खड्काले गरेको बकपत्रबाट समेत जाहेरी दरखास्त र अभियोग दावी पुष्टि भइरहेको देखिन्छ भने मृतकको शरीरमा लागेको घा चोट प्रतिवादीहरूको कुटपीटबाट लागेको नभै अथवा मृतकको मृत्यु अन्य कारणबाट लागेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नआएको हुँदा यी प्रतिवादीहरूको कर्तव्यबाटै मृतकको मृत्यु भएको देखिन आयो । त्यसैले प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १ नं. को कसूर अपराधमा ऐ. महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

प्रतिवादीहरू दलबहादुर रावत, प्रेमबहादुर रावत, नन्दबहादुर रावत, गोपालबहादुर रावतले मेला सकेर फर्किने क्रममा मृतकसँग सामान्य कुरामा भनाभन हुँदा निज मृतकसँग हात हालाहाल भई तत्काल उठेको रिसको कारण घटना घटेको, घातक हातहतियार प्रयोग नभएको, मृतक समेत प्रतिवादीहरूले रक्सी सेवन गरेको, प्रतिवादीहरू कम उमेरका व्यक्तिहरू भएका देखिँदा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने जाने हुनाले प्रतिवादीहरू सबैलाई अ.वं.१८८ नं. बमोजिम जनही कैद वर्ष १० (दश) हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको WO-०२०१, परमादेश, *गोविन्दलाल श्रेष्ठ वि. मालपोत कार्यालय, म्याग्दी बेनी समेत*

निवेदकले पुनरावेदन अदालतको फैसला कार्यान्वयनसम्म गरी छिटो छरितो निर्णय गरिपाऊँ भनी दावी रहेकोमा मालपोत कार्यालयले पनि छूट जग्गा दर्ता हुने नहुने सम्बन्धमा वन कार्यालयको यकीन जवाफ प्राप्त भएपछि निर्णय गरिने नै छ भन्ने सकारात्मक जवाफ पेश भएको पाइन्छ । यस्तो हुँदाहुँदै पनि पुनरावेदन अदालत बाग्लुङ्गबाट मिति २०६०।५।११ मा आदेश भै सक्दा समेत हालसम्म के कति कारणले आदेशबमोजिमको कार्य हुन नसकेको हो सोको वस्तुनिष्ठ कारण खुल्न सकेको पाइएन । निवेदकले सम्पत्तिसम्बन्धी प्रश्न उठाई मिति २०४८।९।१८ मा निवेदन दर्ता गराएको र सो सम्बन्धमा पुनरावेदन अदालत, पोखराबाट मिति २०५१।३।२६ मा फैसला भै मालपोत कार्यालय म्याग्दीबाट भएको मिति २०४९।७।५ को निर्णय बदर समेत भएको देखिएको छ । त्यसकारण निवेदन मागबमोजिमको जग्गा निवेदकको नाउँमा दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा यकीन गर्न बुझ्नु पर्ने प्रमाणहरू बुझी यथाशीघ्र निर्णय गर्नु भनी मालपोत कार्यालय म्याग्दीको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौ.पु.नं.०६६-CR-०५८३ डाँका, *नेपाल सरकार वि. तीलकबहादुर बल तामाङ समेत*

प्रतिवादीहरू अशोक भन्ने तिलकबहादुर बल, देवराज बल, कुमार लामा तामाङ, गोपाल लाामा समेत भई जाहेरवाला विश्व बानिया समेतको घर कोठामा मिति २०६३।३।५ गते राति डाँका गरी नगद तथा धनमाल समेतको हुने बिगो रू. १,१७,११६।- बराबरको धनमाल, नगद डाँका गरेको तथ्य स्वयं प्रतिवादीहरूको मौकाको तथा अदालतसमक्षको बयान व्यहोरा समेतबाट पुष्टि भएको देखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०६६।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने र शुरू अभियोग माग दावीबमोजिमको सम्पूर्ण बिगो कायम हुने अवस्था संलग्न मिसिल प्रमाणबाट नदेखिँदा वादी नेपाल सरकारको सो सम्पूर्ण बिगो कायम गरिपाऊँ भन्ने पुनरावेदन जिकीर पुग्न नसक्ने ।

प्रतिवादीहरू शम्भु माझी, पोषबहादुर सुनुवार, किरण वाइबाले आरोपित कसूरबाट सफाई पाउने ठहरेको र प्रतिवादीहरू अशोकबहादुर बल भन्ने तिलकबहादुर बल, देवराज बल, कुमार लामा तामाङले जाहेरवालाको घरबाट बिगो रू. १,१७,११६।- (अक्षरेपी एकलाख सत्रहजार एकसय सोह्र रूपैया) बराबरको धनमाल दोस्रो पटक डाँका गरेकोले मुलुकी ऐन, चोरीको १ नं. र ६ नं. को कसूरमा सोही महलको १४(४) नं. बमोजिम दोस्रो पटक कायम गरी जनही कैद ९(नौ) वर्ष र बिगो रू.१,१७,६१६।- को डेढी रू. १,७५,६७४।- जरीवाना हुने भई नपुग बिगो रू.८२,५००।- जाहेरवाला विश्व बानियाले प्रतिवादीहरूबाट दामासाहीका हिसाबले भरिपाउने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५८२, डाँका, *नेपाल सरकार वि. अशोकबहादुर बल भन्ने तीलकबहादुर बल तामाङ्ग समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५८५, डाँका, *नेपाल सरकार वि.गोपाल गोले लामा*

प्रतिवादीहरू चारजनाभन्दा बढी संलग्न भई हुलहुज्जत गरी चोरी गरेको तथ्य मिसिल संलग्न प्रमाणबाट देखिँदा प्रस्तुत वारदात मुलुकी ऐन, चोरीको ६ नं. ले परिभाषित गरेबमोजिमकै डाँकाको वारदात भएको देखिने ।

जाहेरी दरखास्तमा किटानीरूपमा बिगो खुलाएको भए तापनि उक्त जाहेरी दरखास्तमा उल्लिखित व्यहोरालाई अदालतसमक्ष वादी पक्षले जाहेरवालीलाई अदालतमा उपस्थित गराई बकपत्र गरी स्वतन्त्र र शंकारहित तवरबाट जाहेरी व्यहोरालाई पुष्टि गर्न सकेको नदेखिएको तथा अन्य डाँका भएको भनिएको नगद तथा धनमाल प्रतिवादीहरूबाट बरामदी भएको अवस्था समेत नहुँदा वादी नेपाल सरकारले शुरू अभियोग दावीको सम्पूर्ण बिगो स्वतन्त्र, शंकारहित तथा वस्तुनिष्ठ ढंगबाट प्रमाणित गर्न सकेको अवस्था समेत नहुँदा केवल जाहेरी दरखास्तकै भरमा सम्पूर्ण बिगो कायम हुन नसक्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६६ सालको फौ.पु.नं. ०६६-CR-०५८४, डाँका, *नेपाल सरकार वि.गोपाल गोले लामा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. २०६६-WO-०८८६, उत्प्रेषण समेत, *अर्जुनप्रसाद सिग्देल वि.सामान्य प्रशासन मन्त्रालय समेत*

सामान्य प्रशासन मन्त्रालयको गैरकानूनी सरूवालाई रद्द गर्ने अधिकार नेपाल सरकार मन्त्रिपरिषद्लाई दिएको अवस्था हुँदाहुँदै उक्त निर्णयलाई रद्द गराउनको लागि निवेदकले मन्त्रिपरिषद्समक्ष कारवाही चलाएको देखिँदैन । सामान्य प्रशासनको निर्णयउपर पुनरावेदन गर्ने निकाय मन्त्रिपरिषद् भएकोमा निवेदक बैकल्पिक उपचारको बाटो हुँदाहुँदै त्यसतर्फ नलागी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम असाधारण रिट क्षेत्राधिकारको माध्यमको गलत बाटोबाट आएकोले प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६८ साल बैशाख १३ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. १३०८, उत्प्रेषण, *सुशीला पन्थी वि. शम्सेरकुमार श्रेष्ठ समेत*

ड्रिमल्याण्ड कन्स्ट्रक्शन कम्पनीले प्रतिवादीको नाममा जारी गरेको शेयर अदालतको फैसलाअनुसार बिगो भरी भराई लिने प्रयोजनको लागि स्वतन्त्र बजार मूल्य भएको र लिलाम सकारी लिने व्यक्तिको नाममा सहज कानूनी प्रक्रियाबाट हस्तान्तरण हुन सक्ने सम्पत्तिको रूपमा मान्यता दिन नसकिने र उक्त कम्पनीको शेयरलाई बिगो भराई लिन पाउनेले बिगो असूल गर्ने कम्पनीको रूपमा स्वीकार गरी अदालतलाई लेखाई दिएको अवस्था समेत नहुँदा उक्त कम्पनीको शेयर बाहेक अन्य सम्पत्तिबाट भराई लिन पाउने

रकम उक्त लेनदेन मुद्दाका प्रतिवादी दीपक पन्थीको एकाघर सगोलकी आमा यी निवेदिका सुशीला पन्थीको नाम दर्ताको घर जग्गाबाट दीपक पन्थीको अंश भागमा पर्ने भाग हिस्सा छुट्ट्याई सोबाट नै वादीलाई भराई दिनुपर्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CR-०७०६, कर्तव्य ज्यान, *दीपक अधिकारी वि. नेपाल सरकार*

एकान्तस्थल जंगलमा घटना घटेकोले त्यस्तो समय र अवस्थामा अन्य व्यक्तिको उपस्थिति हुन सक्ने सम्भावना नहुँदा प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुनु स्वाभाविकै हो । त्यत्तिकै कारणले मात्र वारदातमा यी प्रतिवादीको संलग्नता छैन भनी अन्य परिस्थितिजन्य प्रमाणलाई ठाडै अस्वीकार गर्न मिल्दैन । किनकि प्रस्तुत घटना हुनु पूर्व मृतक र प्रतिवादी मेलामा एकैसाथ रहे भएको प्रत्यक्ष देख्ने व्यक्त दोर्जे तामाङ्ग जीवन थापा रहेका छन् । प्रतिवादी वारदातस्थल नर्सरी जंगलबाट आएको देख्ने गणेशकुमार ढकालबाट पुष्टि भएको छ र निजलाई स्वयं दीपक अधिकारीले जंगलमा लास छ भनी भन्नु र प्रतिवादीको सर्टमा रगत देख्नु र सो रगत पछि प्रतिवादी सुत्दा प्रयोग हुने सिरानीमा लागेको रगत मृतकको रक्त ग्रुपसँग मिल्न गएको प्रमाणित हुनुले यिनै प्रतिवादीको कर्तव्यबाट खगेन्द्र कार्कीको मृत्यु भएको तथ्य माथि विवेचित Circumstantial Evidence ले समर्थन गरेकोले प्रतिवादीले अभियोगपत्र बमोजिम अपराध गरेको होइन भनी भन्न नमिल्ने ।

शवको स्थिति, मौकाको घटनास्थल तथा लास प्रकृति मुचुल्काको विवरण, शव परीक्षण प्रतिवेदन तथा मौकाको किटानी जाहेरी र वारदातस्थलमा वारदात हुनु पूर्व मृतक र प्रतिवादीलाई सँग साथमा देख्ने व्यक्तिहरूले कागज समेतका तथ्यहरूले यी प्रतिवादीले धारिलो हतियार प्रयोग गरी खगेन्द्र कार्कीको शरीरको विभिन्न भागमा प्रहार गरी कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(१) नं. को कसूर गरेको शंकारहित तवरबाट पुष्टि हुन आएको हुँदा प्रतिवादी दीपक अधिकारीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. २०६३-WO-०९७५, उत्प्रेषण, *गीता पोखरेल वि. भूमिसुधार कार्यालय सुनसरी, इनरूवा समेत*

फिल्डबुकमा, जग्गाधनी स्रेस्ता पूर्जामा मोहीको नाउँ उल्लेख भएको, सरजमीनबाट मोही भुवनेश्वर साहले नै जग्गा कमाउँदै आएको देखिएको भन्ने आधारमा कानूनबमोजिम जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड गर्ने गरी गरेको भूमिसुधार कार्यालय सुनसरीको मिति २०६३।११।२१ को निर्णय मिलेको देखिँदा निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. २०६३-WO-१०१८, उत्प्रेषण परमादेश, *श्रीमती गंगामाया लिम्बू वि. पृथ्वीमान लिम्बू समेत*

प्रस्तुत मुद्दाका विपक्षी पृथ्वीमान तामाङ निवेदक र गंगामाया लिम्बू विपक्षी भएको २०५९ सालको रिट नं. ३४६३ मा भएको मिति २०६३।२।२३ को आदेशमा "यसै अदालतको मिति २०५४।३।३१ को फैसलाले पृथ्वीमान तामाङलाई मोही कायम गरेको देखिन्छ । सो फैसलाबमोजिम २०५५।१।१७ मा मोहियानी हकको प्रमाणपत्र समेत प्राप्त गरिसकेको अवस्थामा जग्गा बाँडफाँड गरिपाऊँ भनी परेको निवेदनमा सोबमोजिम जग्गा बाँडफाँड नगरी स्वविवेकीय अधिकार प्रयोग गरी उजूरी दावी खारेज गर्न पाउने देखिँदैन । ऐनको कार्यविधि पूरा गरी नरम गरम मिलाई जग्गा बाँडफाँड गरिदिनु" भन्ने समेत व्यहोराको परमादेशको आदेश जारी भएको देखिन्छ । यसरी यसै अदालतको

२०५० सालको दे.पु.नं. १२५९ मा भएको मिति २०५४।३।३१ को फैसला र २०५९ सालको रिट नं. ३४६३ मा भएको मिति २०६३।२।२३ को आदेशको आधारमा भूमिसुधार कार्यालय सुनसरीबाट मिति २०६३।११।१० मा भएको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

भूमिसम्बन्धी ऐन, २०२१ (चौथो संशोधन) को दफा २६ (ख) बमोजिम विवादित कि.नं. २९९ र ३०० को जग्गा मोही र जग्गाधनी बीच बाँडफाँड गर्ने सम्बन्धमा भूमि सुधार कार्यालय सुनसरीको मिति २०६३।११।१० को निर्णय मिलेको देखिँदा अन्यथा गर्न परेन, प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. २०६४ सालको-WO-०५२१, उत्प्रेषण परमादेश, *कृष्ण श्रेष्ठ वि. नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.समेत*

लिलामीको कारवाही बदर गर्न दण्ड सजायको ६१ नं. बमोजिम काम भए गरेको मितिले १५ दिनको म्याद नघाई थाहा पाएको मितिबाट निवेदन दर्ता गराएको देखिँदा खारेज हुने भन्ने काठमाडौं जिल्ला अदालतबाट भएको आदेशमा काम भए गरेको मितिलाई आधार मान्नको लागि बिगोबापत् जुन पक्षको जग्गा लिलाम हुने हो सो पक्षले रीतपूर्वकको जानकारी पाएको अवस्थामा मात्र लिलामी भएको मितिबाट १५ दिनभित्र उजूर गरेको हुनुपर्ने कानूनी व्यवस्था हो । तसर्थ काठमाडौं जिल्ला अदालतको मिति २०६३।९।२१ को आदेशलाई बदर गरी फिरादमा उल्लेख भएको वतन र कारखाना रहेको वतनमा रीतपूर्वकको म्याद तामेल गरी कानूनबमोजिम फैसला कार्यान्वयन गर्नुपर्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६२ सालका रिट न.२८५१, उत्प्रेषण, परमादेश, *कविन ढुङ्गेल वि. ऋण असूली न्यायाधिकरण समेत*

विपक्षी बैंकले विपक्षीमध्येको मित्तल कन्ट्रक्सन प्रा.लि. बाट मिति २०५२।१२।३० मा भुक्तानी लिइसकेको कुरा मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ । यसरी जमानतपत्रको करारको सन्दर्भमा अन्तिम दायित्व बहन गर्ने मूल ऋणीको रूपमा रहेको विपक्षीमध्येका मित्तल कन्स्ट्रक्शन प्रा.लि.बाट भुक्तानी लिइसकेको उक्त रकम विपक्षी बैंकबाट किन निजलाई फिर्ता गरियो वा भयो भन्ने कुरा उनीहरू बीचको लेनदेनको आन्तरिक विषय भएकोले यस विषयमा सार्वजनिक कर्तव्य पालना गर्ने दायित्व भएको सार्वजनिक निकायको विरूद्धमा जारी हुने परमादेश प्रकृतिको आदेश बैंकको नाममा जारी गर्न नपर्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको रिट नं. २०६४ सालको WO-३२३२, उत्प्रेषण परमादेश *प्रकाशजंग थापा वि. नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## रायबाझी फैसला

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको रिट नं. WO-१०८२, उत्प्रेषणयुक्त परमादेश समेत, *सूर्य बदना पण्डित वि. लोकसेवा आयोग के.का. समेत*

**मा.न्या.श्री बलराम के.सी.को रायः**

निजामती सेवामा अनुशासनको ठूलो महत्व रहन्छ । राष्ट्र सेवामा लागेका कर्मचारीमा अनुशासनहीनता मौलाउँदै गयो भने राष्ट्र सेवामा अपेक्षित परिणाम अपेक्षा गर्न सकिँदैन । निजामती सेवामा दण्ड र पुरष्कारलाई सन्तुलित किसिमले प्रयोग गर्न सकिएन भने नराम्रा प्रवृत्ति हावी हुँदै जान्छन् र हजारौं इमानदार, कर्मठ, कार्यप्रति लगनशील कर्मचारीको मनोबल कमजोर हुन जान्छ । जसबाट समष्टि निजामती सेवामा नराम्रो प्रभाव पर्दछ । समष्टि निजामती सेवा ऐन, नियमको प्रयोग

तथा व्याख्या गर्दा नराम्रो काम गर्नेलाई हतोत्साह र राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने गरी व्याख्या गरिनु पर्दछ । अनुचित कार्यमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट दोषी देखी २ तलब वृद्धिको रोक्का लागि लेखी आएको र यस अदालतबाट पनि पुनः कानूनको रीत पुऱ्याई कारवाही अगाडि बढाउनु भनी आदेश जारी गरेको अवस्थामा निज बढुवाको लागि सम्भाव्य उम्मेद्वार नै हुन सक्तैनन् । यस अदालतबाट स्पष्टरूपमा यथोचित विभागीय कारवाही गर्नु भनी परमादेश जारी भै सकेका व्यक्ति आरोपित विभागीय आरोपबाट पूर्ण सफाई नपाउञ्जेलको अवस्थामा निजामती सेवा ऐनबमोजिम बढुवाको लागि आयोग्य हुने स्थितिमा निज कृष्णबहादुरलाई बढुवा गर्ने गरेको बढुवा समितिको सूचना तथा लोकसेवा आयोगको निर्णय न्याय तथा कानूनसम्मत नदेखिँदा कृष्णबहादुर कार्कीलाई बढुवा गर्ने गरेको बढुवा समितिको सूचना तथा लोकसेवा आयोगको मिति २०६७।१।१३ को निर्णय त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदन दावीबमोजिम सूर्य बदना पण्डितलाई बढुवा गर्नु भन्ने परमादेश समेत जारी हुने ।

**मा.न्या.श्री तर्कराज भट्टको रायः**

कृष्णबहादुर कार्कीको तलव वृद्धि रोक्का भएको सबूद प्रमाणको अभावमा निजलाई दोषी करार गरी बढुवा हुनबाट रोक्नु कानूनसम्मत हुँदैन । विपक्षीलाई अख्तियारप्राप्त अधिकारीबाट सजाय नभएको स्थितिमा निजलाई बढुवा गर्ने गरेको बढुवा समितिको निर्णय तथा लोकसेवा आयोगको निर्णय कानूनसम्मत् नै रहे भएको देखिँदा निवेदन दावीबमोजिमको आदेश जारी हुन नसक्ने ।

रिट जारी हुने ठहऱ्याउनु भएका सहयोगी माननीय न्यायाधीश श्री बलराम के.सी.को रायमा सहमत हुन नसकिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४८ को नियम ३ बमोजिम पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री तपबहादुर मगर,** ०६७-WO-११०८, उत्प्रेषण परमादेश, *मानध्वज ऐरी वि. शिक्षा मन्त्रालय समेत*

एउटा सचेत शिक्षकले आफूले दिएको निवेदनउपरको कारवाहीको जानकारी समयमै नपाएमा मन्त्रालयका सचिवसमक्ष निवेदन गर्न सकिने कुरा थाहा पाउँदा पाउँदै र अन्य कानूनी मार्ग पनि अवलम्बन गर्न सकिनेमा आफूले २०५२ सालमा दिएको निवेदनउपर २०५७।५।२३ मा मन्त्रालयबाट भएको निर्णयको जानकारी निवेदक स्वयं २०५८।१।२० सम्म सेवामै वहाल रहेको अवस्था तथा सेवा निवृत्त भएपछि पनि समयमै खोजतलास नगरी २०६८।१।१५ मा मात्र पाएँ भन्नु उपयुक्त नदेखिने ।

२०५२ सालमा दिएको निवेदनको जानकारी मिति २०६७।९।१ मा मात्र खोजी गरेको देखिएबाट निवेदक आफ्नो अधिकारप्रति समयमै सचेत नरहेको देखिन्छ । २०५२ सालमा नै निवेदन दिएको र सोको निर्णय निवेदक सेवामा रहदैको अवस्था २०५७।५।२३ मा भैसकेकोमा सो निर्णयलाई जानकारी नभएको भनी आफू सेवा निवृत्त भएपश्चात् पनि लामो समयसम्म चुप लागि २०६७।९।१ मा मात्र निवेदन दिई २०६८।१।१५ मा जानकारी प्राप्त भएको भनी उल्लेख गरी रिट निवेदन दायर गर्ने उचित आचार हुन नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल जेठ २२ गते रोज १ शुभम्

२

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६७-WO-०६५०, उत्प्रेषण परमादेश, *ओमप्रकाश सिँह वि. स्थानीय विकास मन्त्रालय समेत*

संवैधानिक व्यवस्था संविधानद्वारा प्रदान गरिएका व्यक्ति वा नागरिकको मौलिक हकहरूको प्रचलन गराउनको लागि उपचारको अर्को व्यवस्था नभएको वा त्यस्तो उपचारको व्यवस्था भए पनि सो प्रभावहीन देखिएको अवस्थामा र सार्वजनिक हक सरोकारको विवाद समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरोपणका लागि हो भन्ने बुझ्नु पर्ने ।

सार्वजनिक सरोकारसम्बन्धी विवादको हकमा हकदैयालाई विस्तारित (Extend Locus Standi) गरिए तापनि यो जस्तोसुकै कुरालाई विवादको रूपमा जोसुकैले यस अदालतसमक्ष प्रस्तुत गर्न पाउने सम्मको हो भनी मान्नु ठूलो गल्ती हुनेछ। सार्वजनिक सरोकार विवादसम्बन्धी केही अन्तर्राष्ट्रिय मान्यता र न्यायिक प्रचलन हुनुका अतिरिक्त यस अदालतको विगतमा आधा शताब्दीको कार्य सम्पादनबाट अनेक उल्लेखनीय, सान्दर्भिक र सर्वमान्य सिद्धान्तहरूको विकास गरेको छ।

सार्वजनिक सरोकार विवादमा निम्नलिखित तत्वहरूको विद्यमानता अनिवार्य मानिएको छ।

१. न्यायिक निरोपणयोग्य विवाद,
२. सम्पूर्ण देशवासी वा कुनै समूह, समुदाय वा वर्गका धेरै जनताको सरोकारको विषय,
३. उक्त विवादसँग निवेदकको सार्थक सम्बन्ध र सरोकार रहेको विषय।

प्रस्तुत रिट निवेदनमा उपरोक्तमध्ये कुनै पनि तत्वको विद्यमानता देखिएन। निवेदनमा उल्लेख गरेको विषयसँग निवेदकले आफ्नो सरोकार समेत खुलाउन सकेको नपाइँदा निजको प्रस्तुत रिट निवेदन गर्ने हकदैया रहेको देखिन आएन।

तसर्थ, निवेदकले उल्लेख गरेको विषयसँग यी निवेदकको सार्थक सम्बन्ध रहेको समेत देखिन आएन। यस्तो रिट निवेदनको कारवाही अगाडि बढाई रहनु औचित्यहीन देखिएकोले विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु नपर्ने।

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६७-WO-१०८३, उत्प्रेषण परमादेश, *मनमती अवस्थी वि. नेपाल सैनिक व्यारेक, शत्रुभञ्चन गुल्म खलंगा दार्चुला* समेत

वैकल्पिक कानूनी उपचारको बाटो नभएको वा सो कानूनी उपचार प्रभावकारी नभएको अवस्थामा कुनै व्यक्तिले यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गर्न सक्ने हो। अन्य कानूनी बाटो अवलम्बन गरिसकेर वैकल्पिक उपायको रुपमा रिट क्षेत्र अन्तर्गत प्रवेश गर्न पाउने होइन। यसरी एउटै विषयमा अदालतले पटकपटक निर्णय गर्दै जानु न्यायको मान्य सिद्धान्तसमेतको वर्खिलाप हुन जाने हुन्छ। अर्कोतर्फ शुरु तथा पुनरावेदन अदालतले निर्णय गर्दा कुनै गम्भीर कानूनी त्रुटि गरेको भनी निवेदन पत्रमा देखाउन नसकेको अवस्थामा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु नपर्ने।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल जेठ १३ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** ०६८-WO-०९८४, उत्प्रेषण परमादेश, *राकेश मिश्र समेत वि.गृह मन्त्रालय समेत*

विधि र प्रक्रिया पूरा नगरी निर्वाचन भयो भन्ने कुरा पुष्टि गर्ने प्रमाण पेश गर्न नसकेको अवस्थामा केवल दावीकै आधारमा निर्वाचन निर्देशिका र संघको विधानबमोजिम निर्वाचन सम्पन्न भएको होइन भन्न नमिल्ने।

नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति र सो शाखाको तर्फबाट केन्द्रमा प्रतिनिधित्व गर्ने सभासद्को निर्वाचन गर्न गठित जिल्ला निर्वाचन समितिले नेपाल पत्रकार महासंघको विधान र शाखा निर्वाचन कार्यविधि निर्देशिका, २०६७ पालन नगरी निर्वाचन गर्‍यो भन्ने निवेदन दावी भएपनि सो कुरा पुष्टि गर्ने कुनै प्रमाण दिन नसकेको, जिल्ला कार्यसमितिको पदाधिकारीको निर्वाचनका सम्बन्धमा नवोली उसै दिन भएको केन्द्रीय सभासदको निर्वाचनमात्र विधिसम्मत् नभएको भनी एकै दिन भएको निवेदनको आधा हिस्सालाई मात्र बदर गर्न माग भएको, निर्वाचन समितिले निर्वाचनका सम्बन्धमा दिएको निर्णय अन्तिम हुने व्यवस्था सो निर्देशिकामा भएको तथा निर्वाचनबाट हक अधिकारमा आघात पुगेको भए समयमा नै उपचार खोज्नुपर्नेमा विलम्ब गरी निवेदन गरेको र नेपाल पत्रकार संघको महाधिवेशन निर्धारण भैसकेको अवस्थामा महाधिवेशन रोक्ने प्रयोजनको लागि मात्र निवेदन परेको देखिँदा विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गर्नुपर्ने नदेखिँदा प्रथमदृष्टिमा नै प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ वैशाख ७ गते रोज ४ शुभम्।